कात्तिक - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३३, अङ्क १३ | २०८१ कात्तिक १-१५ | पूर्णाङ्क ७७५





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

**Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ८ | १२ |
| संयुक्त इजलास | | इजलास नं. ९ | १८ |
| इजलास नं. १ | ५ | इजलास नं. ११ | ३ |
| इजलास नं. ६ | १० | इजलास नं. १५ | |
| इजलास नं. ७ | ६ | इजलास नं. | |
| **जम्मा** | **२१** | **जम्मा** | **३३** |

**कूल जम्मा २१ + ३३ = ५४**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, कात्तिक – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं. १ | | | १ - ५ |
| १. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. बाबुराम तामाङ | १ |
| २. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. हरिप्रसाद ढकाल | १ |
| ३. | बहुविवाह | नेपाल सरकार वि. देवी गुप्ता | २ |
| ४. | हाडनाता तथा जबरजस्ती करणी | नेपाल सरकार वि. टौखेल (ख) | ३ |
| ५. | बालविवाह र जबरजस्ती करणी | नेपाल सरकार वि. टेकबहादुर नेपाली | ४ |
| इजलास नं. ६ | | | ५ – १५ |
| ६. | कब्जा खिचोला मेटाई चलन चलाइपाऊँ | अर्चना गुप्ता वि. उदेशकुमार हलुवाई | ५ |
| ७. | निषेधाज्ञा | सूर्यनारायण अहिर वि. दुधनाथ भन्ने चिन्नुको नाति सूर्यनारायणको छोरा ऐ.ऐ. बस्ने मकोधर अहिरसमेत | ६ |
| ८. | कर्तव्य ज्यान | निजामुद्दिन शेष वि. गिता रैदास हरिजनको जाहेरीले नेपाल सरकारसमेत | ७ |
| ९. | बन्दी प्रत्यक्षीकरण | सन्चाकुमार तामाङ वि. उच्च अदालत, पाटन, ललितपुरसमेत | ७ |
| १०. | बन्दी प्रत्यक्षीकरण | रामकृत साह सोनार वि. उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जसमेत | ८ |
| ११. | उत्प्रेषणयुक्त परमादेशसमेत | ज्योती खड्का वि. श्यामबहादुर राउत र सावित्री राउत खड्कासमेत | ९ |
| १२. | लागु औषध | इन्द्रबहादुर कार्की वि. प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार | १० |
| १३. | मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी | अर्जुन भन्ने एकबहादुर बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुन भन्ने एकबहादुर बस्नेत | ११ |
| १४. | परमादेश | सोनाम लामा वि. परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १५. | जबरजस्ती करणी | नेपाल सरकार वि. रविन श्रेष्ठसमेत, रविन श्रेष्ठ वि. नेपाल सरकार, रविन चालिसे वि. नेपाल सरकार | १४ |
| **इजलास नं. ७** | | | १५ – १९ |
| १६. | उत्प्रेषण / परमादेशसमेत | सकुन्तलादेवी वि. गायत्रीदेवी साह | १५ |
| १७. | अंश नामसारी समेत | तुल्सी थापा वि. यादवबहादुर थापासमेत | १६ |
| १८. | बहुविवाह | नेपाल सरकार वि. सुष्मा पन्थ क्षेत्री (कँडेल) समेत | १७ |
| १९. | उत्प्रेषण / परमादेश | मोहनकुमार श्रेष्ठसमेत वि. काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौंसमेत | १७ |
| २०. | उत्प्रेषण / परमादेश | उदयप्रताप सिंह वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | १८ |
| २१. | बन्दी प्रत्यक्षीकरण | MA ERSHA वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | १८ |
| **इजलास नं. ८** | | | १९ – २६ |
| २२. | उत्प्रेषणसमेत | देवका गौतम वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | १९ |
| २३. | उत्प्रेषण / परमादेशसमेत | अष्ठबहादुर श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | २० |
| २४. | निखन्न पाऊँ (हक सफा) | लालमन बनिया वि. रामसागर कहारसमेत | २० |
| २५. | जबरजस्ती करणी (हाडनाता) | राजन भन्ने खडानन्द गिरी वि. नेपाल सरकार | २१ |
| २६. | अंश नामसारी | रामाशंकर केवट वि. बच्चु केवट | २२ |
| २७. | निषेधाज्ञा, परमादेश | निर्मलादेवी यादवसमेत वि. रामबाबुप्रसाद यादव | २३ |
| २८. | जबरजस्ती करणी | भागीराम थारू वि. नेपाल सरकार | २३ |
| २९. | हाडनाता, जबरजस्ती करणी | परिवर्तित नाम ५० बुटवल ११ वि. नेपाल सरकार | २४ |

| | | | |
|---|---|---|---|
| ३०. | हाडनाता, जबरजस्ती करणी | परिवर्तित नाम ०४-२-च-१ वि. नेपाल सरकार | २४ |
| ३१. | जबरजस्ती करणी | सन्त भन्ने सन्टबहादुर वि.क. वि. नेपाल सरकार | २४ |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामचन्द्र कार्कीसमेत | २५ |
| ३३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. तारा क्षेत्री (शर्मा) | २५ |
| **इजलास नं. ९** | | | २६ – ४८ |
| ३४. | उत्प्रेषणयुक्त परमादेशसमेत | निरञ्जन थापासमेत वि. उद्योग मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २६ |
| ३५. | जबरजस्ती करणी | नेपाल सरकार वि. भिम कडरियासमेत | २७ |
| ३६. | उत्प्रेषण | विजयकुमार यादव वि. आन्तरिक राजस्व कार्यालय, लाजिम्पाटसमेत | २८ |
| ३७. | हक कायमसमेत | शम्भुकुमार कार्की वि. हिमालयकुमारी कार्कीसमेत | २९ |

| | | | |
|---|---|---|---|
| ३८. | हक कायम | प्रेमाकुमारी जैसवाल वि. गुरूप्रसाद मिश्रसमेत | २९ |
| ३९. | पर्ती जग्गा व्यक्तिका नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुऱ्याएको | नेपाल सरकार वि. विनोद शाहसमेत, पुष्पराज तिमिल्सिना, वि. नेपाल सरकार, अग्नीबहादुर शाही वि. नेपाल सरकार, अनिलकुमार मिश्र वि. नेपाल सरकार | ३१ |
| ४०. | बैंकिङ कसुर | पप्पु ठाकुर वि. नेपाल सरकार | ३२ |
| ४१. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. धनबहादुर तामाङ, नेपाल सरकार वि. धनबहादुर तामाङसमेत, नेपाल सरकार वि. इन्द्रबहादुर घिमिरे, इन्द्रबहादुर घिमिरे वि. नेपाल सरकार, विशाल लामा भन्ने दुधबहादुर लो वि. नेपाल सरकार, नेपाल सरकार वि. विशाल लामा भन्ने दुधबहादुर लो | ३२ |

| | | | |
|---|---|---|---|
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रमोद साहसमेत | ३३ |
| ४३. | अपहरण शरीर बन्धक तथा जबरजस्ती करणी | देवबहादुर खड्का वि. नेपाल सरकार | ३४ |
| ४४. | मोही जनाइपाऊँ | वेदकुमारी थापा वि. धनमान थामी | ३६ |
| ४५. | अंश | फुलपतीयादेवी वि. रामाकान्त चौबेसमेत | ३८ |
| ४६. | नामसारी बदर अपुताली हक कायम | केशवलाल खोसीसमेत वि. हेमलाल खोसी | ३९ |
| ४७. | उत्प्रेषणयुक्त परमादेशसमेत | कृष्णबहादुर अधिकारी वि. उच्च अदालत, पाटन हरिहरभवन ललितपुरसमेत | ४१ |
| ४८. | जबरजस्ती करणी | नेपाल सरकार वि. नविन चर्माकार | ४२ |
| ४९. | जालसाजी | लक्ष्मण थारू वि. शारदाप्रसाद शर्मा घिमिरेसमेत | ४४ |
| ५०. | भूकम्प बिमा दाबी | नुरप्रकाश प्रधान वि. रत्न शाह शाही | ४५ |
| ५१. | सरकारी पर्ती जग्गा दर्ता गराई भ्रष्टाचार गरेको | नेपाल सरकार वि. चिरञ्जिवी भण्डारीसमेत | ४६ |
| **इजलास नं. ११** | | | ४८ – ५२ |
| ५२. | कुटपिट अङ्गभङ्ग | राम एकवाल पञ्जियार वि. विन्देश्वर महतो कोइरीको जाहेरी नेपाल सरकार | ४८ |
| ५३. | लिखत दर्ता बदर दर्ता कायम | विलट चौधरी वि. जागोदेवी चौधरीसमेत | ५० |
| ५४. | राजस्व चुहावट | योगेन्द्र बराल वि. नेपाल सरकार | ५१ |

## इजलास नं.१

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-CR-०५७०, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. बाबुराम तामाङ*

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो मोबाइल नम्बर ९८०३३२७२०७ को सिमकार्ड मिति २०६८।७।८ मा हराएको, उक्त सिमकार्ड महेश सुनदाससँग मिति २०६८।७।६ मा लिएको हो। मेरो सिमकार्ड हराएको कुरा मोहन सुनदासलाई भनेको थिएँ। मैले जाहेरवालाको फोन नं. ४२२८१०४ मा फोन गरेको होइन । कसले गरेछ मलाई थाहा छैन भनी बयान गरेको पाइन्छ । अदालतमा उपस्थित भई बयान गर्दा पनि जाहेरीमा उल्लिखित मोबाइल नम्बर मेरो हो। सो मोबाइलबाट मैले जाहेरवालालाई फोन गरेको होइन। मेरो सो मोबाइल हराएको हुँदा फेला पार्ने मान्छेले नै जाहेरवालाको नम्बरमा फोन गरेको हुन सक्छ भनी कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । मौकामा बुझिएका अधिकांश व्यक्तिले यी प्रतिवादीको मोबाइल नं. बाट जाहेरवालाको टेलिफोनमा फोन गरेको भनी खुलाइदिए तापनि फोन गर्ने यिनै प्रतिवादी हुन् भनी कहीँकतै उल्लेख गरेको देखिँदैन । मौकामा बुझिएका मानिसहरूमध्येका झलकबहादुर नेपाली, महेश सुनदाससमेतले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीले लिएको उक्त नं. को सिमकार्डसमेतको मोबाइल हराएको भनी हामीलाई भनेको थियो । निजले जाहेरवालालाई फोन गरेको होइन। निजको फोन भेटाउने व्यक्तिले नै जाहेरवालालाई फोन गरेका होलान् भनी लेखाएको देखिन्छ। वादी पक्षबाट प्रमाणको रूपमा पेस भएको मिसिल संलग्न Call Details Record (CDR) समेत हेर्दा सिमकार्ड नं. ९८०३३२७२०७ भएको मोबाइलबाट जाहेरवालाको फोन नं. ४२२८१०४ मा फोन गरेको देखिए तापनि यिनै प्रतिवादीले नै फोन गरेका हुन् भन्ने कुरा निर्विवाद रूपमा पुष्टि हुने ठोस साबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन। प्रतिवादीले महेश सुनदाससँग मिति २०६८।७।६ मा सिमकार्ड लिएको र मिति २०६८।७।८ मा उक्त सिमकार्ड हराएको भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेकोमा सिमकार्ड हराएको भनेको दिन मिति २०६८।७।८ मा नै जाहेरवालाको ४२२८१०४ नं. मा फोन गरेको अवस्था देखिन्छ।

प्रतिवादी बाबुराम तामाङलाई अभियोग मागदाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६८।११।२८ को फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६९।१२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - कुबेर पाण्डे

इति संवत् २०७६ साल कार्तिक ४ गते रोज २ शुभम्।

### २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालतामाथेमा,** *०७५-CR-१८७७, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. हरिप्रसाद ढकाल*

मुलुकी ऐन, आसय करणीको १ नं. मा कसैले कुनै महिलाको मन्जुरीबिना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा

लगेमा, निजलाई करणीका आसयले समातेमा यौन दुर्व्यवहार गरेको मानिने छ भन्नेसमेत कानूनी व्यवस्था गरिएको पाइन्छ । प्रस्तुत मुद्दामा जाहेरवालीले मौकामा दिएको जाहेरी बेहोरा, प्रतिवादीको बयान तथा मौकामा कागज गरी अदालतमा आई बकपत्र गर्ने राजेन्द्रलाल श्रेष्ठसमेतका मानिसहरूको भनाइसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी हरिप्रसाद ढकालले वारदात हुँदाका बखत मादक पदार्थ रक्सी सेवन गरेका र पीडितले समेत रक्सी खाइराखेको अवस्थामा पीडित पुलको भऱ्याङमा लडेपछि निजको पाखुरामा समाती निजकै घरभित्र तानी लगी करणी गर्न खोजेको अवस्थामा पीडित चिच्याई हारगुहार माग्दा गाउँका मानिसहरू भेला जम्मा भई प्रतिवादीलाई समातेको भन्ने देखिँदा निजको उक्त कार्यलाई आसय करणीको कसुर मान्नुपर्ने अवस्था देखिन आउँछ । यस स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रस्तुत मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आसय करणीमा परिणत गर्ने गरेको उच्च अदालतको फैसलालाई मिसिल प्रमाणको रोहबाट अन्यथा भन्न मिल्ने देखिएन । उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादी हरिप्रसाद ढकाललाई अभियोग दाबीबाट सफाइ दिने गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७१।१२।२ को फैसला उल्टी गरी प्रस्तुत मुद्दा साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आसय करणीमा परिणत गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७४।११।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार ४ गते रोज ५ शुभम् ।

## ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-१०९१, बहुविवाह, नेपाल सरकार वि. देवी गुप्ता*

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०५ नं. मा एकै मुद्दामा हार्ने झगडियामध्ये कसैको पुनरावेदन उजुर परेकोबाट जाँचिदा इन्साफ वा सजाय उल्टिने भई सो इन्साफ सजाय उल्टाई फैसला गर्दा पुनरावेदन उजुर नदिने झगडियाका हकमा समेत इन्साफ सजाय उल्टिन जाने भयो भने त्यस्तोमा पुनरावेदन उजुर परेको छैन भनी सदर गरिदिन हुँदैन । पुनरावेदन उजुर नदिनेका हकमा समेत पुनरावेदन उजुर दिनेसरह उल्टाई छिनिदिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्था अनुसार एउटै मुद्दाका झगडियाहरूमध्ये कुनै झगडियाको पुनरावेदन परी मिसिल प्रमाणको रोहबाट सजाय उल्टिने देखिई उल्टी फैसला गर्दा पुनरावेदन नगर्ने झगडियाको हकमा समेत सो फैसला उल्टी हुन जाने स्थिति देखियो भने पुनरावेदन नगरेको कारणले निजको हकमा उक्त फैसला सदर गर्नु हुँदैन र पुनरावेदन गर्नेसरह फैसला उल्टाइदिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा सुरू धनुषा जिल्ला अदालतले प्रतिवादीहरू अरुणकुमार गुप्ता र अनितादेवी गुप्तालाई आरोपित कसुर गरेकोमा

जनही १ वर्ष कैद र रु.५,०००।- जरिवाना हुने भनी गरेको फैसलाउपर प्रतिवादीमध्येका अरुणकुमार गुप्ताको मात्र पुनरावेदन परेकोमा निज प्रतिवादी अरुणकुमार गुप्ताको हकमा सुरूको फैसला सदर हुने र पुनरावेदन नगर्ने यी प्रत्यर्थी प्रतिवादी अनितादेवी गुप्ताको हकमा सुरूको उक्त फैसला उल्टी भई निजले अभियोग मागदाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत जनकपुरबाट फैसला भएको देखियो। माथि उल्लेख भए अनुसार अ. ब. २०५ नं. बमोजिम प्रतिवादी अरुणकुमार गुप्ताको हकमा सुरूको फैसला उल्टी भएको स्थितिमा मात्र पुनरावेदन नगर्ने यी प्रत्यर्थी प्रतिवादी अनितादेवी गुप्ताको हकमा पनि सुरू जिल्ला अदालतको फैसला उल्टी हुनसक्ने हो, यस मुद्दामा प्रतिवादी अरुणकुमार गुप्ताको हकमा सुरू अदालतकै फैसला सदर हुने गरी पुनरावेदन अदालतले फैसला गरेको देखिएकोले पुनरावेदन नगर्ने यी प्रत्यर्थी प्रतिवादी अनितादेवी गुप्ताको हकमा सुरूको फैसला उल्टी गर्न सकिने अवस्था देखिँदैन।

सुरू जिल्ला अदालतको फैसलाउपर पुनरावेदन गर्ने प्रतिवादी अरुणकुमार गुप्ताको पुनरावेदन जिकिर पुग्न नसकी निजलाई सजाय गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६९।५।५ को फैसला सदर गरेको स्थितिमा यी प्रत्यर्थी प्रतिवादी अनितादेवी गुप्ताको हकमा कानूनी व्यवस्थाविपरीत सुरूको उक्त फैसला उल्टी गरी निज प्रतिवादी अनितादेवी गुप्तालाई अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।३।३२ को फैसला कानूनत: त्रुटिपूर्ण देखिँदा उक्त फैसला वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम बदर हुने।

इजलास अधिकृत - तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार ४ गते रोज ५ शुभम्।

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-१६५३, हाडनाता तथा जबरजस्ती करणी, नेपाल सरकार वि. टौखेल (ख)*

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ । प्रस्तुत मुद्दामा यी प्रत्यर्थी प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानमा समेत आरोपित कसुरमा इन्कारी बयान गरेको र निजले आरोपित कसुर गरेकै हो भन्ने कुरा अभियोजन पक्षबाट शंकारहित तवरले पुष्टि गर्न सकेको मिसिल संलग्न आधार प्रमाणबाट देखिँदैन । जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी कसुरमा कसैकाउपर लगाइएको आरोप वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि भएको हुनुपर्दछ । माथि उल्लिखित तथ्यहरूबाट प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपित कसुर गरेको तथ्य स्थापित हुन सकेको स्थिति देखिँदैन। यस स्थितिमा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा यी प्रत्यर्थी प्रतिवादी परिवर्तित नाम टौखेल(ख) ले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। यस अदालतबाट मुद्दा दोहोऱ्याउने निस्सा प्रदान गर्ने आदेश गर्दा

उल्लेख गरिएको ने. का. प. २०६९, अङ्क ८, नि. नं. ८८७८ को नजिरसमेत प्रस्तुत मुद्दाको तथ्यसँग आकर्षित हुने अवस्था देखिएन । तसर्थ प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

अत: माथि विवेचित तथ्य, आधार र कारणहरूबाट प्रतिवादी परिवर्तित नाम टौखेल(ख) ले आरोपित कसुरबाट सफाइ पाउने गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।२।१९ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।७।१७ को देखिँदा सदर हुने ठहर्छ।

इजलास अधिकृत - तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ ४ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-CR-१०००, बालविवाह र जबरजस्ती करणी, नेपाल सरकार वि. टेकबहादुर नेपाली*

प्रतिवादी र पीडितले स्वइच्छाले विवाह गरे पनि पीडितको उमेर वारदातको समयमा १२ वर्ष मात्र पूरा भएको देखिन्छ । मुलुकी ऐन, बिहाबारीको २ नं. मा बिहाबारी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भएमा १८ वर्ष र संरक्षकको मन्जुरी नभए २० वर्ष नपुगी बिहाबारी गर्न गराउन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । त्यसैले प्रस्तुत मुद्दामा पीडितको विवाह गर्ने उमेर नपुगेको र निजले विवाहको सहमति प्रदान गर्न सक्ने अवस्थासमेत नहुँदा त्यस्तो विवाहलाई कानूनसम्मत विवाह मान्न मिल्ने देखिएन।

मुलुकी ऐन, बिहाबारीको २ नं. को देहाय २ मा दश वर्षदेखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपियाँसम्म जरिवाना हुने छ भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ । प्रस्तुत मुद्दामा सुरू सुर्खेत जिल्ला अदालतबाट यी प्रत्यर्थी प्रतिवादी टेकबहादुर नेपालीलाई विहावरीको २ नं. विपरीतको कसुरमा सोही २ नं. को देहाय २ बमोजिम ७ महिना कैद सजाय हुने ठहर्‍याएको फैसलालाई नै सदर हुने गरी पुनरावेदन अदालत सुर्खेतबाट फैसला भएको देखियो । उक्त बिहाबारीको २ नं. को देहाय २ मा कैद सजाय र जरिवानासमेत हुने कानूनी प्रावधान रहेकोमा प्रतिवादीलाई केवल कैद सजाय मात्र हुने ठहर्‍याएको जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला नमिलेकोले सो हदसम्म उक्त फैसला केही उल्टी भइ निज प्रतिवादीलाई बिहाबारीको २ नं. को देहाय २ बमोजिम रु.१,०००।- (एक हजार रूपियाँ) जरिवानासमेत हुने ठहर्छ । प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

अत: माथि उल्लिखित मिसिल संलग्न तथ्य एवं आधार प्रमाण र कानूनी व्यवस्थासमेतबाट प्रतिवादी टेकबहादुर नेपालीलाई जबरजस्ती करणीको ३(६) नं. बमोजिम ६ महिना कैद सजाय हुने ठहर्‍याएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७०।८।२३ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७१।३।१५

को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । बालविवाह गरेतर्फ बिहाबारीको २ नं. को देहाय २ बमोजिम कैद र जरिवानाको सजाय गर्नुपर्नेमा ७ महिना कैद सजाय मात्र हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई निज प्रत्यर्थी प्रतिवादी टेकबहादुर नेपालीलाई उक्त बिहाबारीको २ नं. को देहाय २ बमोजिम ७ महिना कैद सजायका साथै रु.१,०००।- (एक हजार रूपियाँ) जरिवानासमेत हुने ।

इजलास अधिकृत - तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार ४ गते रोज ५ शुभम् ।

## इजलास नं.६

### ६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CI-०७९६, कब्जा खिचोला मेटाई चलन चलाइपाऊँ, अर्चना गुप्ता वि. राधारमण हलुवाईको छोरा, बाँके जिल्ला, नेपालगन्ज नगरपालिका, वडा नं.४ बस्ने उदेशकुमार हलुवाई*

विवादित कोठी नं.१०७७ को घर जाग्गाको सम्बन्धमा यी प्रत्यर्थी/वादी उदेशकुमार हलुवाईको हक स्वामित्वमा नआई निज वादीको दाता सकुन्तला हलुवाईको हक स्वामित्वमा हुँदाकै अवस्थामा खिचोलासम्बन्धी विवाद उठी निराकरण भइसकेको अवस्थामा उक्त जग्गा उदेशकुमार हलुवाईको नाममा आएपछि पुनः सोही विषयमा विवाद सिर्जना भएको देखिन्छ । यसरी बाँके जिल्ला अदालतबाट मिति २०६०/५/२१ मा फैसला भएको २०५८ सालको दे.नं. २०१९ को मुद्दा र प्रस्तुत मुद्दामा रहेको विवादको विषयवस्तु र प्रतिवादी उही रहेको पाइए पनि मुद्दाको अर्को पक्ष (वादी) भने पहिले फैसला भइसकेको मुद्दामा सकुन्तला र प्रस्तुत मुद्दामा उदेशकुमार गुप्ता हलुवाई भई फरक फरक व्यक्ति रहेको र खिचोलाको विषय पुनः उठ्न सक्ने भएबाट प्रस्तुत मुद्दामा विबन्धन वा प्राङ्न्यायको सिद्धान्त लागु हुने स्थिति नदेखिने ।

वादीले फिरादमा लिएको दाबी हेर्दा प्रतिवादीले ५ इन्च चौडाइ र ३० फिट लम्बाइ क्षेत्रफलको जग्गा खिचोला गरेको भन्ने देखिन्छ । त्यसै गरी निज वादीले यस अदालतमा पेस गरेको लिखित प्रतिवादमा आफूले आफ्नो घरको दिवालको साँधमा छाडेको पूर्व, पश्चिम ५ इन्च र उतर, दक्षिण ३० फिटको खाली जग्गा मिची आफ्नो घरको दिवालसँग जोडेर प्रतिवादीले निर्माण कार्य गर्न लागेको भन्ने उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न बाँके जिल्ला अदालतबाट मिति २०५८/१२/२ मा भइआएको (क) नक्सा हेर्दा उक्त नक्सा कुण्डलीमा यी पुनरावेदिका/प्रतिवादीको कोठी नं.१०७६ जग्गा पश्चिमतर्फ र प्रत्यर्थी/वादीको कोठी नं.१०७७ को घरजग्गा पूर्वतर्फ रहेको कुरामा दुवै पक्षको मुख मिलेकै देखिन्छ । यी दुवै घरजग्गा जोडिएको सिमानामा न.नं. ७, ८, ९, १०, ११, ११(क), ११(ख), १२, १३, १३(क) र १३(ख) समेतका जग्गाहरू रहेको देखिन्छ । सोमध्ये न.नं. ७ र ८ वादीको घरको न.न.११ को दिवालसँग जोडिएको अवस्थामा रहेको देखिँदैन । त्यसै गरी न.नं. १०, ११, ११(क), ११(ख), १२, १३, १३(क) र १३(ख) समेतका जग्गाहरू वादीकै भोगमा रहेको देखिएबाट सो जग्गामा प्रतिवादीले खिचोला गरेको भन्न मिल्ने अवस्था देखिँदैन ।

त्यसै गरी न.नं. ९ मा प्रतिवादीले पूर्वपश्चिम ५ इन्च र उचाई ११ फिट २ इन्चको दिवाल न.नं.११ को दिवालमा इँटा निकाली खोपा बनाएको भन्ने देखिन्छ । न.न.११ वादीको घरको दिवाल रहेको भन्ने देखिएको, सो दिवालभन्दा बाहिरपट्टि ५ इन्च चौडाइसम्मको जग्गा पनि वादीकै हुने ठहरी भएको फैसला अन्तिम भई बसेको अवस्थामा वादीको घरको दिवालसँगै टसाएर प्रतिवादीले निर्माण कार्य गरेको देखिँदा प्रतिवादीले उक्त न.नं. ९ को जग्गा खिचोला गरेकै मान्नुपर्ने ।

तसर्थ, वादी दाबी पुग्न नसक्ने ठहऱ्याई बाँके जिल्ला अदालतले गरेको फैसलालाई उल्टी गरी विवादको न.नं.९ को जग्गा प्रतिवादीबाट खिचोला भएको भन्दै सोमा भएको प्रतिवादीको खिचोला मेटाई वादीले चलनसमेत चलाइपाउने भनी गरेको पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर :- रेखा भट्टराई

इति संवत् २०८० साल वैशाख ३१ गते रोज १ शुभम्।

७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CI-०३३२, निषेधाज्ञा, सूर्यनारायण अहिर वि. दुधनाथ भन्ने चिन्नुको नाति सूर्यनारायणको छोरा ऐ.ऐ. बस्ने मकोधर अहिरसमेत*

सुरू रुपन्देही जिल्ला अदालतबाट मिति २०७१।३।११ मा नक्सा मुचुल्का हुँदा न.नं.१२ मा वादी प्रतिवादीबिच विवाद परेको बाटो र न.नं.२३ मा विवाद परेको सो जग्गामा पुरानो घर भत्काई मेरो जग्गामा घर बनाउन सुरू गरेको भन्ने प्रतिवादी, सो जग्गाबाट बर्सातको पानी जाने बाटो (ठाउँ) हो भन्ने वादीले देखाएको विवादित जग्गा देखिएको छ। निवेदकले दाबी लिएको बर्सातको पानी निकास विवादित जग्गाबाहेक अन्यत्र रहे भएको भन्नेसमेत उल्लिखित मिति २०७१।३।११ को नाप नक्सा मुचुल्काबाट देखिँदैन । यसरी न.नं.१२ को सडक बाटो नालीको जग्गा हुँदै बर्सातको पानी निकास प्रतिवादीको खाली जग्गा हुँदै उत्तरतर्फ गडहामा जाने गरी मिति २०६३।३।१८ मा मिलापत्र भएको, विवादित न.नं. २३ को जग्गामा पुरानो घर भत्काई घर बनाउन सुरू गरेको भन्ने उल्लेख गरेपनि घर बनी नसकेको भन्ने देखिएकोले सुरू जिल्ला अदालतबाट निषेधाज्ञा मुद्दामा घर बनिसकेको देखियो भन्ने कुरा खण्डित भएकोले आशंका यथावत् रहेको भन्ने आधारमा तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने अवस्था नदेखिने ।

अतः सुरू रुपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी यिनै पुनरावेदक र प्रत्यर्थीबिच मिति २०६३।३।१८ मा भएको मिलापत्रबमोजिम न.नं. १२ को सडक बाटो हुँदै यिनै प्रतिवादी मकोधर अहिरसमेतको खाली जग्गा हुँदै उत्तरको गडाहामा वर्षादको पानी निकास दिनुपर्ने भनी ठहऱ्याईएको तत्कालीन पुनरावेदन अदालतको फैसला सर्वोच्च अदालतसमेतबाट सदर भएको साथै नक्सा मुचुल्कामा समेत विवादित न.नं.२३ को जग्गामा घर बनिसकेको भन्ने नदेखिएकोको अवस्था भई यी प्रत्यर्थी वादीको कानूनबमोजिम हकमा हनन हुन सक्ने आशंका रहेको देखिएको स्थितिमा मिति २०७२।१२।२१ मा तत्कालीन

पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : शारदादेवी पौडेल
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल** *०७४--CR-०५३१, कर्तव्य ज्यान, निजामुद्दिन शेष वि. गिता रैदास हरिजनको जाहेरीले नेपाल सरकारसमेत*

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा वारदात मिति र समयमा आफू आफ्नो गाउँ-घर (नेपाल) मा नभई आफ्नो दिदीको घर भारतमा भएको भन्ने वारदातस्थलमा नभएको कुराको जिकिर (Alibi) लिएको देखिन्छ । यी प्रतिवादीले घटना हुँदा आफू घटनास्थलमा नभई भारत गएको थिएँ भनी निजले लिएको Alibi को जिकिर तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । अदालतको बयानमा Alibi को दाबी लिएपछि त्यस्तो दाबी पुष्टि गर्न नसक्ने व्यक्तिलाई मौकामा गरेको साबिती बयानलाई अन्य प्रमाणले समर्थन गरेको अवस्थामा निजको विरुद्धमा प्रमाण नलाग्ने भन्ने नदेखिने।

यी प्रतिवादीले मृतकलाई टाउकोमा लाठीले प्रहार नगरेको भए लामो समयको अन्तरालपछि पक्राउ परी आउँदा पनि अधिकार प्राप्त अधिकारीसमक्ष किन साबिती बयान गरेका हुन् भन्ने सम्बन्धमा चित्तबुझ्दो कारण उल्लेख गर्न सकेको नदेखिएको तथा Alibi को दाबीलाई समर्थन गर्ने वस्तुगत प्रमाण पेस गर्न सकेको नदेखिँदा निजको अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(१) बमोजिम निजका विरुद्धमा प्रमाणमा लिन मिल्ने नै देखियो । अनुसन्धानको क्रममा दिइएको साबिती बयान, जाहेरवाला र मृतकको श्रीमतीको मौकाको कागज, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत अन्य परिस्थितिजन्य प्रमाणहरूबाट अभियोग दाबीको कसुर प्रतिवादीले गरेको तथ्य स्थापित भईरहेको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मनासिब देखिने ।

अतः प्रतिवादी निजामुद्दिन शेषलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू बाँके जिल्ला अदालतबाट मिति २०७३।१।१२ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१०।४ मा भएको फैसला मिलेको देखिए तापनि मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा निज निजामुद्दिन शेषलाई जन्मकैद सम्म सजाय हुने।
इजलास अधिकृत :- दिप्ती पौडेल
कम्प्युटर :- रेखा भट्टराई
इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम्।

९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१३५, बन्दीप्रत्यक्षीकरण, सन्चाकुमार तामाङ वि. उच्च अदालत, पाटन, ललितपुरसमेत*

रिट निवेदकले, ठेगाना, थर केही नमिल्ने निर्दोष व्यक्ति आफूलाई कर्तव्य ज्यान मुद्दाका प्रतिवादी मिङमार लामा भनी कर्तव्य ज्यानजस्तो

सङ्गीन अपराधमा चर्को सजाय सुनाई गैरकानूनी थुनामा राखिएकोले थुनामुक्त गरियोस् भन्ने निवेदन जिकिर लिएको देखियो । त्यसैगरी, प्रत्यर्थी नेपाल सरकारले, प्रतिवादी मिङमार लामालाई कसुरदार ठहर गरी भएको उच्च अदालत पाटनको मिति २०७६।०३।२३ को फैसलाबमोजिम पक्राउ परी आएका फरार अभियुक्तको सुरू अदालतमा रहेको लगतको आधारमा कैदी पुर्जी दिई कैद गर्न मिति २०७७।०६।२० बाट पठाइएकोले निजलाई गैरकानूनी थुनामा राखेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लिखित जवाफ रहेको पाइने ।

सो सन्दर्भमा यी निवेदक कामी तामाङ भनी हाल उल्लेख गरेका मिङमार लामा प्रतिवादी भएको ०७८-RC-०००२ को कर्तव्य ज्यान मुद्दाबाट यी निवेदकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) बमोजिम सजाय गरेको उच्च अदालत पाटनको मिति २०७६।०३।२३ को फैसलालाई आज यसै इजलासबाट साधकको रोहबाट हेरी सदर गरिएबाट निज निवेदकको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत:- दीपशिखा मुनाकमी

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल फागुन १४ गते रोज १ शुभम्।

**१०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०२५५, बन्दीप्रत्यक्षीकरण, रामकृत साह सोनार वि. उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जसमेत*

यी निवेदकउपर अभियोग पत्र दायर हुँदा निजको साबिक वतन लेखी त्यसपछि हाल पर्सा वीरगन्ज म.न.पा. वडा नं. १६ मा बस्ने भन्ने उल्लेख भएको र सोही वतनमा ०७८/११/३० मा घर दैलोमा टाँस भएको बेहोरा जनाई म्याद तामेल भएको देखिन्छ। तर जाहेरवाला नन्दकिशोर यादवले यिनै रामकृत साह सोनारउपर पर्सा जिल्ला अदालतमा दिएको चेक अनादर मुद्दामा यी निवेदकको वतनमा "हाल जिल्ला पर्सा वीरगन्ज म.न.पा. वडा नं. १५ लक्ष्मणवा (प्रतिमा) चौकमा रहेको क्रियटिभ अल्मुनियम वर्कसपमा बस्ने" भन्ने उल्लेख गरेको पाइन्छ । निवेदकको भनाइ पनि आफू सोही वतनमा बस्छु भन्ने छ। उक्त वर्कसपको ठेगाना हेर्दा उक्त वर्कसप दर्ता हुँदा वीरगन्ज वडा नं. १८ पर्साको ठेगाना देखाइएकोमा हाल सो वडा १८ वडा नं १५ कायम भएको ०७४/२/११ को स्थानीय राजपत्र बाट देखिन्छ । यसबाट यी निवेदकको वास्तविक वतन (स्थायी र अस्थायी दुवै) मा म्याद तामेल नभई अन्यत्र म्याद तामेल भएको पाइँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को रीत पुगी तामेल भएको भन्न नमिलेबाट उक्त तामेली म्याद र सो म्यादलाई रीतपूर्वको म्याद मानी भएको मिति २०७९/२/१८ को फैसलाको कारणबाट निवेदक स्वच्छ सुनुवाइको हकबाट वञ्चित भएको देखिँदा उक्त म्याद र फैसला र तत्पश्चात् मिति २०८०/०२/१२ मा दिएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदक विरुद्धको अभियोग पत्र कायम नै देखिँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

तसर्थ, निवेदक रामकृत शाह सोनारलाई थुनाबाट झिकाई अड्डाको रोहबरमा म्याद बुझाई अभियोग पत्र दर्तापश्चात् गर्नुपर्ने कानूनी कारबाही

कानूनबमोजिम गर्नु भनी विपक्षी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : सदिक्षा राउत

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल असार १९ गते रोज ३ शुभम् ।

११

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा. न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७९-WO- ०५६२ (०७९-FN-०६३३), उत्प्रेषणयुक्त परमादेशसमेत, ज्योती खड्का वि. श्यामबहादुर राउत र ईश्वरी सुवेदीकी छोरी स्व. भरतबहादुर खड्काकी श्रीमती, काठमाडौं जिल्ला, साबिक गोठाटार गाउँ विकास समिति वडा नं.७ परिवर्तित कागेश्वरी मनोहरा नगरपालिका वडा नं.७ बस्ने सावित्री राउत खड्कासमेत*

रिट निवेदिका ज्योती खड्का सावित्री राउत खड्काकी छोरी भएको कुरामा विवाद छैन । आमा सावित्री खड्कासमेतउपर चलेको ०७८-CP-८७७४ को अंश चलन मुद्दामा आमा सावित्री खड्का, स्व. बाबु भरतबहादुर खड्का र भाई प्रज्वल खड्काका नाममा रहेका जग्गाहरू मिति २०७९/३/१४ को आदेशले रोक्का रहेको र सावित्री राउत खड्काले सुशिला चौँलागाई र विद्यादेवी निरौलालाई मिति २०७२/१०/१४ मा राजीनामाको लिखित पारित गरी बिक्री गरेको जग्गाको हकमा लिखत बदर तथा जालसाजी मुद्दा दिएको र उक्त मुद्दामा आफ्नो भागसम्म दर्तावालाले कुनै पनि बेहोराले हक हस्तान्तरण गर्न नपाउने गरी काठमाडौं जिल्ला अदालतबाट रोक्का भइसकेको अवस्थामा आफ्नोसमेत अंश हक लाग्ने सोही प्रकृतिको काठमाडौं जिल्ला, गोठाटार गाउँ विकास समिति वडा नं.७ को कि.नं.४७२ र ५०० को जग्गा सावित्री राउत खड्काले विपक्षीहरू बालकृष्ण खरेल र नारायणकृष्ण खरेललाई बिक्री गरेउपर आफूले दिएको ०७९-CP-०४५४ र ०७९-CP-०४५५ को लिखत बदर मुद्दामा कुनै आधार, कारण नखोली उक्त जग्गाहरू रोक्का राख्न नमिल्ने आदेश गरेको भन्ने कुरा रिट निवेदनको बेहोरामा उल्लेख गरेको पाइने ।

निवेदिका ज्योती खड्काले विवाह भई आफ्नो लोग्नेसँग सम्बन्धविच्छेद भइसकेपछि आफ्नो आमा र भाइसमेतउपर अंश चलन मुद्दा दायर गरेको भन्ने देखिएको, उक्त अंश चलन मुद्दा र आमा सावित्री राउत खड्काले सुशिला चौँलागाई र विद्यादेवी निरौलालाई बिक्री गरेउपर परेको लिखत बदर र जालसाजी मुद्दामा यी निवेदिकाको भागजतिको जग्गा रोक्का भइसकेको भन्ने पनि देखिन्छ । आमाले बिक्री गरेको कि.नं. ४७२ र ५०० को जग्गाको हकमा पनि निवेदिकाले लिखत बदरसमेतका मुद्दा दायर गरिसकेको देखिँदा सो जग्गा रोक्का नराखेकै कारणले यी रिट निवेदिकाको हकमा कुनै तात्त्विक असर परिहाल्ने अवस्था पनि देखिँदैन । यसै तथ्यलाई आधार मानी विचाराधीन अवस्थामा रहेको लिखत बदर मुद्दाको अन्तिम निर्णय हुँदाका बखत ठहरेबमोजिम हुने नै हुँदा हाललाई रोक्का राख्न मिलेन भनी काठमाडौं जिल्ला अदालतले आदेश गरेको र सो आदेशलाई उच्च अदालत पाटनले सदर गरेको देखिने ।

मातहतका अदालतमा विचाराधीन रहेको मुद्दामा जग्गा रोक्काको लागि निवेदन परेको अवस्थामा निवेदन मागबमोजिमको जग्गा रोक्का राख्नुपर्ने अवस्था छ वा छैन भन्नेकुरा सम्बन्धित अदालतले मुद्दाको रोहमा हेरी रोक्का

राख्ने वा नराख्ने सम्बन्धमा आदेश गर्ने हो । यो उसको न्यायिक स्वायत्तताको विषय हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिमको निवेदन वा पुनरावेदन हेरेजस्तो गरी प्रस्तुत रिट निवेदनको माध्यमबाट हस्तक्षेप गर्ने विषय पनि नभएको हुँदा जग्गा रोक्का सम्बन्धमा परेको निवेदनमा काठमाडौं जिल्ला अदालतले सुनुवाइ गरी सो सम्बन्धमा गरेको आदेश र उक्त आदेशउपर परेको निवेदनको सुनुवाइ गर्ने क्रममा उच्च अदालत पाटनले काठमाडौं जिल्ला अदालतको आदेश बेरित नदेखिएकोले परिवर्तन गरिरहनु परेन भनी गरेको आदेशलाई कानूनप्रतिकूल वा कार्यविधिगत त्रुटि रहेको भन्न मिलेन । सर्वोच्च अदालत मातहत अदालतहरूको अभिभावक हो, हस्तक्षेपकर्ता होइन । मातहत अदालतमा चलेको मुद्दामा जथाभावी हस्तक्षेप गर्दा न्यायिक स्वायत्तता मर्छ । माथि उल्लेख भएजस्तै अन्तरकालीन आदेशको प्रभाव फैसला नभएसम्मको लागि हुने भएबाट सामान्य क्षेत्राधिकारअन्तर्गत दुई तहको अदालतबाट भएको अन्तरकालीन आदेशमा त्रुटि नदेखिएकोले हस्तक्षेप गर्नुपर्ने नदेखिने ।

तसर्थ, निवेदनमा उल्लिखित कि.नं. ४७२ र ५०० जग्गा रोक्का राख्न नमिल्ने कारणसमेत खुलाई काठमाडौं जिल्ला अदालतले मिति २०७९/०५/०६ मा गरेको आदेश र सो आदेशलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७९/७/२४ को आदेशलाई स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत रहेको भन्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने स्थिति देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत :- कर्णबहादुर राई

इति संवत् २०७९ साल चैत ६ गते रोज २ शुभम् ।

## १२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार चुडाल,** *०७४-CR-०९५१, लागु औषध, इन्द्रबहादुर कार्की वि. प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार*

प्रतिवादीको झोलाबाट लागु औषध बरामद भएको अवस्था स्थापित भएको एवम् निजबाट बरामद भएको वस्तु अफिम नामक लागु औषध भएको तथ्यलाई केन्द्रीय विधि विज्ञान प्रयोगशालाको मिति २०७३।०२।१० को पत्रबाट समेत स्थापित भएको पाइन्छ । लागु औषध ऐन, २०३३ को दफा ४ ले लागु औषधको बिक्री वितरण, सञ्चय, निकासी तथा पैठारीलाई निषेध गरी दण्ड सजायको व्यवस्था गरेको पाइन्छ । लागु औषधबाट आम जनस्वास्थ्य, सार्वजनिक हित एवम् सदाचारमा पर्न सक्ने गम्भीर प्रभावलाई समेत दृष्टिगत गर्दै फौजदारी न्याय प्रणालीका नवीनतम् आयामहरूलाई अनुसन्धान तहकिकात, अभियोजन एवम् न्यायिक प्रक्रियामा समेत आत्मसात् गर्दै खास खास कसुरजन्य कार्यमा प्रमाणको भार सम्बन्धमा विशेष व्यवस्था गरिएको पाइन्छ । लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ ले प्रमाणको भार सम्बन्धमा विशेष व्यवस्था गर्दै "कुनै व्यक्तिको साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम

वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने छ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने छ" । प्रमाण ऐन, २०३१ को कानूनी व्यवस्था एवम् फौजदारी न्याय प्रणालीको मूलभूत मान्यता नै वादी पक्षले आफ्नो दाबी तथ्ययुक्त प्रमाणका आधारमा पुष्टि गर्नुपर्दछ भन्ने नै हो । तथापि लागु औषध सम्बन्धमा भएको उपर्युक्त ऐनको व्यवस्थाबमोजिम प्रस्तुत मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहने, त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले लागु औषध नियन्त्रण ऐनबमोजिम अपराध गरेको मानिने व्यवस्था रहेको पाइन्छ । यस्तो स्थितिमा लागु औषधजस्ता गम्भीर प्रकृतिका मुद्दाहरूमा अपराधको गाम्भीर्यलाई विचार गरी कानूनले निषेध गरेको वस्तु प्रतिवादीबाट बरामद भएमा सो तथ्यलाई कसुर मान्ने विकसित कानूनी अवधारणा भएको परिप्रेक्ष्यमा त्यस्तो कसुरजन्य कार्य (Corpus Delicti) स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहने गरेको पाइन्छ । यसरी लागु औषधजस्तो प्रतिबन्धित वस्तु प्रतिवादीको साथबाट फेला पर्नु नै आपराधिक कार्य गरेको मानिने भई त्यस्ता कार्य Possessory Crime को रूपमा समेत आपराधिक कार्य मानिने हुँदा सो विरुद्ध प्रमाण पुष्टियोग्य तवरबाट निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको पाइन्छ । यसरी प्रतिवादीबाट कसुरजन्य कार्यको रूपमा बरामद भएको लागु औषधको मात्रा हेर्दा पनि १ किलोग्राम अफिम बरामद भएको देखिने छ ।

तसर्थ, प्रतिवादीबाट बरामद भएको लागु औषधको मात्रासमेतलाई विचार गरी प्रतिवादी इन्द्रबहादुर कार्कीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा १ को खण्ड (छ) (३) बमोजिम १५ वर्ष कैद र पाँच लाख जरिवाना हुने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको मिति ०७३।०५।०७ को फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।०३।०५ को फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा उच्च अदालत पाटनको फैसला सदर हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल मङ्सिर २१ रोज ३ शुभम् ।

## १३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०८१४, ०७४-CR-१५९९, मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी, अर्जुन भन्ने एकबहादुर बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अर्जुन भन्ने एकबहादुर बस्नेत*

प्रतिवादी अर्जुन भन्ने एकबहादुर बस्नेतले विवाह गर्ने उद्देश्यले मिति २०७२/३/२ मा परिवर्तित नाम रमिला कुमारीलाई विद्यालय जाने क्रममा आफूसँग लिई हिँडेको भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ । प्रतिवादी अर्जुन भन्ने एकबहादुर बस्नेतले परिवर्तित नाम रमिला कुमारीलाई विवाह गर्छु भनी निजको सहमतिमा नै आफ्नो बहिनीको घर लगेको र भोलिपल्ट पीडितको आफन्तहरूले पीडितलाई भेटी आफ्नो साथ लगेको तथ्यमा विवाद देखिँदैन । पीडितसमेतले प्रतिवादीले आफूलाई काठमाडौं नजाम भारत जाम भनेपछि निजले बेचबिखन गर्न लागेको रहेछन् भनी शंकासम्म प्रकट गरेको देखिने ।

प्रतिवादीले पीडितलाई विवाह गर्छु

भनिरहेको स्थितिमा केवल भारततर्फ जाउँ भनी पीडितलाई भनेको आधारमा निजले मानव बेचबिखन एवम् ओसार पसार विरुद्धको कसुर गर्न लागेको भनी अनुमान गरेको देखिन्छ । यसरी अनुमानको भरमा मानव बेचबिखन तथा ओसारपसारतर्फ प्रस्तुत अभियोग परेको देखिन्छ । भारततर्फ लैजाने प्रकृतिका कुनै काम क्रियाकलाप भएको पनि देखिँदैन । मानव बेचबिखन ओसारपसारजस्तो जघन्य अपराधमा कसुर शंकारहित तवरबाट स्थापित हुनुपर्छ । शंकाको भरमा मात्र र वस्तुगत प्रमाणबाट समर्थित हुन नसकेको स्थितिमा अभियोगबमोजिम कसुर ठहर हुन सक्ने अवस्था रहन्न । यस्तो स्थितिमा सुरू उदयपुर जिल्ला अदालतबाट प्रतिवादी अर्जुन भन्ने एकबहादुर बस्नेतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ. ४(२)(ख) को कसुर गरेको ठहऱ्याएको र सोलाई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गासमेतले सदर गरेको फैसला मिलेको अवस्था नदेखिने ।

तसर्थ पुनरावेदक प्रतिवादी अर्जुन भन्ने एकबहादुर बस्नेत विरुद्ध मानव बेचबिखन ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, दफा ४(२)(ख) को कसुरमा ऐ.ऐ. को दफा १५ (२) (ङ) (२) बमोजिम सजाय र दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति भराइपाउन साथै निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी महलको १ नं. विपरीत जबरजस्ती करणी गरेकोले ऐ. को ३(४) नं. बमोजिम सजाय तथा १० नं. बमोजिम क्षतिपूर्ति माग दाबी गरी अभियोग पत्र दायर भएकोमा निज पुनरावेदक प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसारतर्फ कसुर ठहर गरी १० (दश) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरिवाना एवम् रु.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराउने र जबरजस्ती करणीतर्फको अभियोगबाट सफाइ दिने गरी भएको उदयपुर जिल्ला अदालतको मिति २०७३।३।१५ को फैसला तथा सो फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, ओखलढुङ्गाबाट मिति २०७४।३।२५ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई निज प्रतिवादी अर्जुन भन्ने एकबहादुर बस्नेतलाई जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ.को ३ (४) नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय र ऐ.को १० नं. बमोजिम पीडितले रु.२५,०००।- क्षतिपूर्ति भराइपाउने तथा मानव बेचबिखन ओसारपसारतर्फको अभियोग दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत : सदिक्षा राउत

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल मङ्सिर १७ गते रोज १ शुभम्।

## १४

**मा.न्या.डा.श्री आन्नदमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WO-०५३४, परमादेश, सोनाम लामा वि. परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकको निवेदन बेहोरा, निवेदनसाथ पेस गरेको माइन्युट, विपक्षी मन्त्रालयमा पेस गरेको निवेदनको प्रतिलिपि तथा प्रस्तावित सङ्घको विधानसमेतलाई अध्ययन गर्दा गैरआवासीय नेपालीसम्बन्धी नियमावलीको नियम १२ को उपनियम (१) मा उल्लिखित सर्तबमोजिमका कागजातहरूसमेत साथै राखी निवेदकले विपक्षी परराष्ट्र मन्त्रालयमा प्रस्तावित सङ्घ दर्ताको लागि निवेदन दिएको देखिएको छ । यसरी दर्ता

भएको निवेदनमा ऐन र नियमले तोकेका सर्तहरू पूरा भएको हुनुपर्छ । तर विपक्षी मन्त्रालयबाट प्राप्त लिखित जवाफको बेहोरामा निवेदकले दिएको उक्त निवेदनमा कैफियत भएको वा रीत नपुगेको वा दर्ता गर्न आवश्यक कागजात नपुगेको कारणबाट प्रस्तावित सङ्घ दर्ता हुन नसकेको भनी उल्लेख भएको पनि पाइँदैन । मिसिल सामेल निवेदनको प्रतिलिपिबाट उक्त निवेदन परराष्ट्र मन्त्रालयमा द.नं.६१५४ मार्फत मिति २०७९।०१।०६ मा दर्ता भएको देखिने ।

कुनै पनि सार्वजनिक निकायमा दर्ता भएको निवेदनउपर कारबाही चलाई उक्त निवेदनलाई टुङ्गोमा पुऱ्याउनु उक्त निकाय वा कार्यालयको कर्तव्य हो । गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ को नियम १२ ले गैरआवासीय नेपालीहरूको सङ्घ दर्ता, नवीकरण गरी सोको प्रमाणपत्र दिने, लेखापरीक्षण गर्नेलगायतका सम्पूर्ण अधिकार विपक्षी परराष्ट्र मन्त्रालयलाई नै दिएको देखिन्छ । निवेदकले प्रस्तावित सङ्घ दर्ता गरिपाउँ भनी कानूनले तोकेको मापदण्ड पूरा गरी कानूनबमोजिमका कागजातहरूसमेत साथै राखी संस्था दर्ता गरिपाउँ भनी गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ को नियम १२ को उपनियम (१) बमोजिम विपक्षी परराष्ट्र मन्त्रालयमा निवेदन दिँदा सो निवेदन दर्तासमेत गरिसकेपछि उक्त निवेदनउपर उपनियम (२) बमोजिमको कारबाही गरी निवेदन मनासिब देखेमा दर्ता गरी निवेदकलाई प्रमाणपत्र दिनु र दर्ता गर्न नमिल्ने भए आधार र कारण खुलाई निवेदकलाई जानकारी दिनु विपक्षी परराष्ट्र मन्त्रालयको कानूनी कर्तव्य हो । उपनियम (१) बमोजिम निवेदन परिसकेको अवस्थामा कानूनले प्रदान गरेको अधिकारको प्रयोग नगरी वा कर्तव्यको पालन नगरी सो निवेदनउपर निर्णय नै नगरी बस्ने विपक्षीको कार्यलाई कानूनसङ्गत मान्न मिल्दैन । निवेदन नै दर्ता गर्न नमिल्ने अवस्था भए निवेदकले निवेदन दर्ता गर्न ल्याउँदाकै अवस्थामा विपक्षीले दरपिठ गर्नुपर्थ्यो । निवेदन नै दर्ता भइसकेपछि पनि निवेदकको निवेदन मागबमोजिम दर्ता गर्न नमिल्ने अवस्था भए निवेदन मागबमोजिम गर्न नमिल्ने निर्णय गरी सोको जानकारी निवेदकलाई दिनु विपक्षीको कर्तव्य हुन्थ्यो । निवेदन दर्ता गर्ने तर निवेदनउपर गर्नुपर्ने कानूनी कारबाही नगरी हाल आएर प्रस्तुत निवेदन दर्ता भएपछि गैरआवासीय नेपाली सङ्घ एउटा मात्र हुने कानूनको परिकल्पना रहेको र सो सङ्घ हाल क्रियाशील रहेको अवस्थामा अन्य सङ्घ दर्ता गर्ने अधिकार यस मन्त्रालयमा नरहेको भनी लिखित जवाफ फिराउँदैमा विपक्षी मन्त्रालयले कानूनले प्रदान गरेको कर्तव्य पालन गर्नबाट उम्कन पाउने अवस्था नहुने ।

यसप्रकार गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ र गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ ले गैरआवासीय नेपाली सङ्घको दर्ता गर्ने, सोको नवीकरण तथा नियमन गर्ने अधिकार र कर्तव्यसमेत विपक्षी परराष्ट्र मन्त्रालयलाई प्रदान गरेको देखिएको र उक्त ऐन तथा नियमावलीले नेपालमा एउटा मात्रै गैरआवासीय नेपाली सङ्घ खोल्न पाउने भनी सङ्ख्यात्मक सीमा तोकेको नदेखिएको अवस्थामा गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ को नियम १२ (१) बमोजिम निवेदकले विपक्षीसमक्ष निवेदन दिएकोमा उक्त निवेदन विपक्षी परराष्ट्र मन्त्रालयले दर्तासमेत गरेको, निवेदन दर्ता भइसकेपछि सो निवेदनउपर कारबाही गरी

निर्णय गरी सोको जानकारी निवेदकलाई दिनुपर्नेमा विपक्षी परराष्ट्र मन्त्रालयले यतिका दिनसम्म निर्णय नगरी राखेको कार्य कानूनतः उचित भन्न मिल्ने नदेखिएकाले निवेदकले विपक्षी मन्त्रालयमा मिति २०७९।०१।०६ मा दर्ता गरेको द.नं.६१५४ को निवेदनउपर यो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र कानूनबमोजिम आवश्यक कारबाही गरी निवेदन मागबमोजिमको प्रस्तावित सङ्घ दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी निवेदकलाई दिनु भनी विपक्षी परराष्ट्र मन्त्रालयको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत :- ईश्वरीप्रसाद सुवेदी / उमेशप्रसाद पाण्डेय

इति संवत् २०८० साल साउन १४ गते रोज १ शुभम्।

**१५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-१७६४, ०७३-CR-१४३१, ०७३-CR-१४६७, जबरजस्ती करणी, नेपाल सरकार वि. रविन श्रेष्ठसमेत, रविन श्रेष्ठ वि. नेपाल सरकार, रविन चालिसे वि. नेपाल सरकार*

पीडिता परिवर्तित नाम काठमाडौं २६ सि आइ बि २९, ३० र ३१ ले मौका तथा अदालतमा कागज गर्दा आफूहरूको बुबु र गालामा चुम्मा गरेको र पिसाब फेर्ने ठाउँमा हातले चलाएको मात्रै नभनी आफ्नो सु गर्ने ठाउँमा प्रतिवादीहरूको सु गर्ने घुसारेको भनी प्रतिवादीहरूउपर जबरजस्ती करणी गरेको कसुर नै स्थापित भइसकेको अवस्था छ। छुट्टै अप्राकृतिक मैथुनको कसुर गरेको भन्ने भनाइ रहेको देखिँदैन। पीडिताहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट अप्राकृतिक मैथुन भएको तथ्य पुष्टि हुन आएको नहुँदा यी प्रदिवादीउपर अप्राकृतिक मैथुनतर्फ सजाय नहुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिन आयो। अप्राकृतिक मैथुनतर्फसमेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः प्रतिवादीहरू रविन श्रेष्ठ र रविन चालिसेलाई १६ वर्षमुनिका नाबालिकालाई जबरजस्ती करणी गरेकोले तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद, त्यसै गरी १६ वर्षमाथिका पीडितालाई जबरजस्ती करणी गरेकोतर्फ ऐ. महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद र सामूहिक जबरजस्ती करणी गरेतर्फ ऐ महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैद हुने तथा ऐ. महलको ९क. नं. बमोजिम अप्राकृतिक मैथुनतर्फको दाबी नपुग्ने एवं ऐ. महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट पीडिताहरूले जनही रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भरिपाउने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।०८।१५ मा भएको फैसलामा एकीकृत कसुर कायम नगरेको हदसम्म नमिलेकाले केही उल्टी भई यी प्रतिवादीहरू रविन श्रेष्ठ र रविन चालिसेलाई तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. को कसुर अपराधमा १६ वर्षमुनिका नाबालिकालाई जबरजस्ती करणी गरेतर्फ ऐ. महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद, १६ वर्षमाथिका पीडिताहरूलाई जबरजस्ती करणी गरेतर्फ ऐ. महलको ३(४) नं. बमोजिम हुने ५ वर्ष कैद सजायमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (२) अनुसार आधा अर्थात् २ वर्ष ६ महिना कैद सजाय हुने र सामूहिक जबरजस्ती करणी गरेतर्फ ऐ. महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैदसमेत गरी जनही १३ वर्ष ६ महिना कैद हुने

तथा ऐ. महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट पीडिताहरूले जनही रू.१,००,०००।– (एक लाख) का दरले क्षतिपूर्ति भरिपाउने एवं ऐ. महलको ९क. को हदसम्मको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्छ । अभियोग दाबीबाट पूर्णरूपमा सफाइ पाउनुपर्ने भन्ने प्रतिवादीद्वयको पुनरावेदन जिकिर र जबरजस्ती करणीको महलको ९क. नं. बमोजिमको कसुरसमेत ठहर हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर नसक्ने।

इजलास अधिकृत - भरतकुमार दहाल

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०८० साल असोज १४ गते रोज १ शुभम्।

## इजलास नं. ७

### १६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७१-CI-१०९४, उत्प्रेषण / परमादेशसमेत, सकुन्तलादेवी वि. गायत्रीदेवी साह*

तत्कालीन पुनरावेदन अदालत, हेटौंडाले जारी गरेको आदेशले पनि प्रत्यर्थी (रिट निवेदक) गायत्रीदेवीको हक सिर्जना गरिसकेको अवस्था छैन । सिद्धान्ततः असाधारण अधिकारक्षेत्रमार्फत जारी भएको आदेशले कसैको हक सिर्जना र समाप्त गर्दैन। तथापि यदाकदा कुनै आदेशमा असान्दर्भिक तथ्य र तर्क पनि उल्लेख हुन सक्ने सम्भावना हुन्छ। त्यस्ता विषयलाई पुनः निर्णय हुँदा सच्याउन सकिने नै देखिन्छ। यस पुनरावेदनसँग सम्बन्धित तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०३।१६ को आदेशको प्रकरण ११ को आठौँ हरफमा यी पुनरावेदक (विपक्षी) सकुन्तलादेवीको सम्बन्ध विच्छेद भएको पति "दिलिप भन्ने दिनानाथले कौशल्याको अपुताली आफूले नखाने भनी कागज गरेको देखिन्छ" भनी उल्लेख गरेकोतर्फ यस अदालतको ध्यानाकर्षण भई सम्पूर्ण मिसिल अध्ययन गर्दासमेत निज दिलिप भन्ने दिनानाथ साह तेलीले त्यस्तो कागज गरेको फेला नपरेको, प्रत्यर्थी गायत्रीदेवी साहले समेत पुनरावेदन अदालत हेटौंडामा पेस गरेको निवेदनमा त्यस्तो कुनै बेहोरा पनि उल्लेख नगरेको साथै उक्त निवेदनको संलग्न प्रमाणमा समेत त्यस्तो कुनै कागज पेस भएको पाइएन । यस इजलाससमक्ष विभिन्न पक्षहरूको तर्फबाट उपस्थित भएका कुनै पनि कानून व्यवसायीहरूबाट त्यस प्रकारको कागज गरेको पुष्टि हुने स्पष्ट तर्क र किटानी प्रमाण पेस नभएबाट त्यस प्रकृतिको कथन निर्णयाधारको रूपमा नभई प्रस्तुत मुद्दामा असान्दर्भिक प्रकृतिबाटसम्म उल्लेख भएको देखिएको छ। सो बेहोरा उल्लेख भए पनि अब सुरू भूमिसुधार कार्यालयबाट सन्दर्भ अनुसार प्रमाणहरू बुझी पुनः निर्णय गर्दा सम्बन्धित र असम्बन्धित तथ्य, प्रमाण, आदेशको विश्लेषण र विवेचना गर्ने नै हुँदा तत्कालीन पुनरावेदन अदालत, हेटौंडाले भूमिसुधार कार्यालय, बाराले गरेको निर्णयलाई बदर गरी पुनः कानूनबमोजिम निर्णय गर्न भनी तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको उपर्युक्त आदेशपश्चात् अब, मूल पुरुष गम्भिरा साहको हाँगाको पारिवारिक स्थिति एवं मिसिल संलग्न अन्य प्रमाणहरू हेरी बुझी निर्णय गर्नुपर्ने अवस्था देखिएकोले उपर्युक्त मिति २०७१।०३।१६ को आदेशलाई अन्यथा गरिहाल्नुपर्ने अपरिहार्यता देखिँदैन।

भूमिसुधार कार्यालय, बाराले मिति २०६८।११।१७ मा पुनरावेदक सकुन्तलादेवीलाई जग्गा दिने गरी भएको निर्णय गैरकानूनी र त्रुटिपूर्ण

भएकोले बदर गरी पुन: निर्णय गर्न भूमिसुधार कार्यालय, बारामा पठाउने तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०३।१६ मा जारी भएको आदेश मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : बिमल रेग्मी

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०८० साल असार ३ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७१-CI-१०८९, ७ नं. फाँटवारी छानबिन हदबन्दी, निकुकुमार साह तेली वि. नेपाल सरकार
- ०७१-CI-१०७५, उत्प्रेषण / परमादेशसमेत, राजेन्द्रप्रसाद साह तेली वि. ललितप्रसाद साह तेली
- ०७१-CI-१०९०, ७ नं. फाँटवारी छानबिन हदबन्दी, अञ्जनीकुमार साह तेली वि. नेपाल सरकार
- ०७१-CI-१०८८, ७ नं. फाँटवारी छानबिन हदबन्दी, दिपककुमार साह तेली भन्ने शिवभक्तिप्रसाद साह तेली वि. नेपाल सरकार
- ०७१-CI-१०९२, ७ नं. फाँटवारी छानबिन हदबन्दी, सुनिलकुमार साह तेली वि. नेपाल सरकार
- ०७१-CI-१०७१, उत्प्रेषण / परमादेशसमेत, दिलिप भन्ने दिनानाथ साह तेली वि. गायत्रीदेवी साह
- ०७१-CI-१०९७, उत्प्रेषण / परमादेशसमेत, मान्तीदेवी तेलीन वि. जवाहरप्रसाद साह तेली
- ०७१-CI-१०७६, उत्प्रेषण / परमादेशसमेत, मान्तीदेवी तेलीन वि. ललितप्रसाद साह तेली
- ०७१-CI-१०९३, उत्प्रेषण / परमादेशसमेत, दिलिप भन्ने दिनानाथ साह तेली वि. राजेश्वरकुमार साह तेली
- ०७१-CI-१०९६, उत्प्रेषण / परमादेशसमेत, राजेन्द्रप्रसाद साह तेली वि. जवाहरप्रसाद साह तेली
- ०७१-CI-१०९५, उत्प्रेषण / परमादेशसमेत, सकुन्तलादेवी वि. राजेश्वरकुमार साह तेली
- ०७१-CI-१०९१, ७ नं. फाँटवारी छानबिन हदबन्दी, अवधेशकुमार साह तेली वि. नेपाल सरकार
- ०७१-CI-१०८७, उत्प्रेषण / परमादेशसमेत, दिपुकुमार साह तेली भन्ने शिवशक्तिप्रसाद साह तेली वि. विन्देश्वरप्रसाद साह तेलीसमेत
- ०७१-CI-१०७०, उत्प्रेषण / परमादेशसमेत, निकुकुमार साह तेली वि. विन्देश्वरप्रसाद साह तेली

१७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CI-०७२३, अंश नामसारीसमेत, तुल्सी थापा वि. यादवबहादुर थापासमेत*

डि.एन.ए. वैज्ञानिक पद्धतिमा प्रवेश गरिसकेपछि नतिजा प्राप्त भएपछि अदालतले सो नतिजा बिनाकारण अन्यथा भन्नु उपर्युक्त हुँदैन । वादी प्रतिवादीहरूसमेतले सो प्रक्रियामा सहभागी भएपछि परिणाम स्वीकार गर्न आनाकानी गर्न वाञ्छनीय हुँदैन । वादी प्रतिवादी तथा

बच्चाको (डि.एन.ए.) रिपोर्ट नमिलेको र वादी तथा प्रतिवादीमध्येका यादवबहादुर थापाकै यौनसम्पर्कबाट बालकको जन्म भएको भन्ने वस्तुनिष्ठ प्रमाण पेस नभएको कारण वादी प्रतिवादीहरूको पति पत्नी र बाबु छोराको नाता कायम भई अंशियार कायम हुन सक्ने देखिएन । सो हुँदा यस अदालतको मिति २०७४।११।२० मा मुद्दा पुनरावेदन गर्दा अनुमति प्रदान गर्ने आदेशमा लिइएका आधारहरू अ.बं. १८४ क एवम् प्रमाण ऐन, २०३१ को ३, ८ र ३७ तथा लक्ष्मीकुमारी मिश्रसमेत विपक्षी मखमली मिश्रसमेत भएको संवत् ०६८-NF-०००९ प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित नहुने हुदाँ पुनरावेदक प्रतिवादीको निवेदन जिकिर सो सम्बन्धित कानून व्यवसायीहरूको बहस बुँदा र अनुमति प्रदान गर्दा आधार लिइएका बुँदासमेतसँग सहमत हुन सकिएन ।

पाल्पा जिल्ला अदालतको मिति २०७२।३।२८ को फैसला सदर गर्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।९।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अमृता कुमारी शर्मा
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०८० साल साउन २८ गते रोज १ शुभम् ।

**१८**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CR-०२८९, बहुविवाह, नेपाल सरकार वि. सुष्मा पन्थ क्षेत्री (कँडेल) समेत*

प्रतिवादीहरूले बहुविवाह गरेको कार्य कानूनको हदम्यादभित्र नै जाहेरी दरखास्त दिई मुद्दाको कारबाही प्रक्रिया अगाडि बढाएको भन्ने अवस्था नदेखिएकोले यस अदालतबाट मिति २०७२।४।७ को आदेश एवं प्रत्यर्थी वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

अत: माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरु गोरखा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पोखराको मिति २०७१।८।२३को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बासुदेव पाण्डे
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल फागुन १३ गते रोज ६ शुभम् ।

**१९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-WO-००१८, उत्प्रेषण / परमादेश, मोहनकुमार श्रेष्ठसमेत वि. काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौंसमेत*

निवेदकहरूले आफ्नो निर्विवादित हक भोग र स्वामित्वको जग्गामा घरटहरा बनाई बसोबास गरेको भन्न नसकेको, निवेदकहरूको बसोबास रहेको जग्गा सार्वजनिक पर्ती भएको भनी प्राविधिक कर्मचारीले सीमाङ्कनसहितको प्रतिवेदन दिएको, जग्गा अरूको स्वामित्वको अवस्था जे सुकै भए पनि निवेदकहरूले कसैको निजी जग्गा वा खोला वा पर्ती जग्गा अतिक्रमण गरी जबरजस्ती घरटहरा निर्माण गरी बसोबास गर्न तथा सार्वजनिक प्रकृतिको जग्गामा पनि अनधिकृत तवरबाट कब्जा जमाई सोही कब्जाका कारण आफ्नो स्वामित्व दाबी गरी घर वा टहरा निर्माण गर्न प्रचलित कानूनले छुट दिएको नदेखिएको अवस्थामा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.नं. ३२७७ मिति २०७२।१२।१० को पत्र तथा काठमाडौं महानगरपालिकाको मिति २०७३।१।२ को

आदेश/निर्णय, सो आदेश/निर्णयका आधारमा मिति २०७३।३।१४ मा प्रकाशित सार्वजनिक सूचनासमेतले निवेदकहरूको कुनै वैधानिक अधिकार हनन गरेको नदेखिएकोले सो निर्णय तथा पत्राचारहरू बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल फागुन २ गते रोज ३ शुभम् ।

## २०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-WO-०४२९, उत्प्रेषण/परमादेश, उदयप्रताप सिंह वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

अति नै अनुशासनमा चल्नुपर्ने प्रहरी सङ्गठनमा कार्यरत यी निवेदक उदयप्रताप सिंह यात्रुले विदेशबाट ल्याएको सुन तस्करी कार्यमा संलग्न भएकोले पुष्टि भएकोले निवेदकलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) परिच्छेद १० को नियम ११३ को उपनियम (१) को (क) को कसुरमा सोही नियमावलीको नियम १०९ को (ख) को (१) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरका प्रहरी उपरीक्षकको मिति २०७२।१०।१७ को निर्णयलाई सदर गरेको सोही कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षकको मिति २०७३।४।६ को निर्णयमा कुनै त्रुटि नदेखिएको र अपराधको प्रकृतिबमोजिम सजायसमेत मिलेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर अपरेटर : सुजन नेपाल

इति संवत् २०७९ साल फाल्गुण २ गते रोज ३ शुभम् ।

## २१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री मनोजकुमार शर्मा**, *०८०-WH-००३४, बन्दीप्रत्यक्षीकरणसमेत, MA ERSHA वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदक MA ERSHA (राहदानी नं. ED ४८२९४७८) लाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम रु.१,५०,००,०००।- जरिवाना तथा उपदफा (९) बमोजिम १(एक) महिना थप कैद सजाय भएकोमा यी बन्दी निवेदक मिति २०७५।७।१२ देखि कैदमा बसेको देखिएको तथा सुरू काठमाडौं जिल्ला अदालतको फैसलाको तपसिल खण्डमा निजलाई फैसला हुँदा बढी थुनामा बसेको दिन ४ बापत कट्टा गरी रु.१,४९,९८,८००।- जरिवाना नबुझाए मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(क) अनुसार कैदको लगत कसी असुल गर्नु भनी उल्लेख भएकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।११।२० मा कारागार कार्यालय, नख्खु, ललितपुरका नाममा कैद म्याद ठेकिएको पत्र जारी भएको देखियो । मुलुकी अपराध संहिता, २०७४ को दफा ५ मा विशेष ऐनद्वारा छुट्टै कसुर मानी सजाय गर्ने व्यवस्था भएमा सोही ऐन लागु हुने भन्ने उल्लेख भएको र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(८)मा जरिवाना भुक्तानी नगरेमा जरिवानाको मात्रा अनुसार ४(चार) वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको हुँदा

काठमाडौं जिल्ला अदालतको मुद्दा नं. ०७५-C२-००५३ को विदेशी विनिमय (अमेरिकी डलर) अवैध कारोबार मुद्दामा भएको फैसलाको तपसिल खण्डमा उल्लिखित जरिवाना नबुझाएबापत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(८) बमोजिम कैद सजाय हुने गरी तथा सो अदालतको तहसिल लगत शाखाको च.नं. ५१७९ मिति २०७६।११।२० को पत्रबाट निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२) (क) बमोजिम जरिवानाबापत १० वर्ष कैद गर्ने गरी कैद म्याद ठेकिएको पत्रमा सोहीअनुरूप बेहोरा सच्याई कानूनबमोजिम गर्नु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी गरिएको ।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल भाद्र ११ गते रोज २ शुभम् ।

## इजलास नं.८

### २२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७६-WO-०१५९, उत्प्रेषणसमेत, देवका गौतम वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदिकाले आफूसँग अन्य विषयको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक योग्यता भएको र रा.प. अनं. प्रथम श्रेणी (प्राविधिक) को ट्रेसर पदमा बढुवा भई ५ वर्षभन्दा बढी अवधिदेखि कार्यरत रहेकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) बमोजिम अधिकृतस्तर छैठौँमा समायोजन हुनुपर्ने जिकिर लिएको पाइन्छ । सो सम्बन्धमा विचार गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको सरकारी सेवाको कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा अधिकृत छैठौँमा समायोजन गरिने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यी रिट निवेदिका नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची ३ मा उल्लेख भएबमोजिम नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह पदको लागि चाहिने आवश्यक शैक्षिक योग्यता हासिल गरी रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) ट्रेसर पदमा सेवा प्रवेश गरेको भन्ने निवेदन लेखलगायत मिसिल संलग्न कागजातबाट देखिँदैन। निवेदिकाले निजामती सेवा ऐन, २०४९ को तत्काल प्रचलित दफा २४घ१ बमोजिम रा.प.अनं. द्वितीय श्रेणीको ट्रेसर पदमा सुरू सेवा प्रवेश गरी उक्त पदमा १० वर्ष सेवा अवधि पूरा गरेको र उक्त पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता आफूसँग भएकोले रा.प.अनं. द्वितीय श्रेणीको ट्रेसर पदबाट स्वतः एक तह माथिल्लो पदमा बढुवा भएको भन्ने रिट निवेदकको निवेदन बेहोराबाटै राजपत्र अनङ्कित प्रथम श्रेणीको ट्रेसर पदको सेवा प्रवेशको लागि कानूनले तोकेको सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको भन्ने न्यूनतम शैक्षिक योग्यता निवेदिकासँग रहेको देखिएन। यसरी यी रिट निवेदिकाको नेपाल इन्जिनियरिङ सेवा रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) को ट्रेसर पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता रहेको

नदेखिएकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) बमोजिमको योग्यता पुगेको नपाइँदा निवेदिकाको रिट निवेदन जिकिर कानूनसम्मत देखिएन।

निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदिकाको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन २५ गते रोज ४ शुभम्।

## २३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-WO-००४५, उत्प्रेषण / परमादेशसमेत, अष्टबहादुर श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरूले आफूहरूसँग अन्य विषयको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक योग्यता भएको र रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) को पदमा बढुवा भई ५ वर्षभन्दा बढी अवधिदेखि कार्यरत रहेकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) बमोजिम अधिकृतस्तर छैठौँमा समायोजन हुनुपर्ने जिकिर लिएको पाइन्छ । सो जिकिरतर्फ विचार गर्दा, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको सरकारी सेवाको कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा अधिकृत छैठौँमा समायोजन गरिने छ भन्ने प्रावधान रहेको छ । मिसिल संलग्न कागजातबाट यी रिट निवेदकहरूको नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची-३ मा उल्लिखित शैक्षिक योग्यता रहेको देखिँदैन। उक्त नियमहरूको अनुसूची-३ मा नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, स्यानिटरी उपसमूहको रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) को पदको लागि सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरी राजपत्र अनं. प्रथम श्रेणीको पदमा सेवा प्रवेश गरेको हुनुपर्ने व्यवस्था रहेको पाइन्छ। यी निवेदकहरूले उल्लिखित शैक्षिक योग्यता प्राप्त गरी रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) को पदमा सेवा प्रवेश गरेको देखिँदैन। रिट निवेदकहरूको नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, स्यानिटरी उपसमूहको रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक) को पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता रहेको नदेखिएकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा (४) बमोजिमको योग्यता पुगेको नपाइँदा निवेदकहरूको रिट निवेदन जिकिर कानूनसम्मत देखिएन।

निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन २५ गते रोज ४ शुभम् ।

## २४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-CI-१२३६, निखन्न पाऊँ (हक सफा), लालमन बनिया वि. रामसागर कहारसमेत*

वादी र प्रतिवादीमध्येका तिरथा कहारको

बिचको अंश मुद्दाको फैसला र बन्डा मुचुल्काको आधारमा पुनरावेदक प्रतिवादी तिरथा कहारले बन्डा छुट्याइलिएको एउटै घरको पश्चिमतर्फको आफ्नो बन्डाको घर जग्गा प्रतिवादी लालमन बनियालाई बिक्री गरेकोमा यी वादीले निखनाई पाउन दाबी लिई फिराद गरेको देखिन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको १२ नं. मा सन्धिसर्पन पर्ने हकवाला नभए वा भए पनि निजले ननिखनेमा यसै महलको ११ नं. को म्यादभित्र निखन्न पाउँ भनी उजुर गरेको ले निखन्न पाउने व्यवस्था गर्दै देहाय (२) मा घर भए एउटै घरको भिन्न भिन्न हिस्साको भिन्न भिन्न धनी भएको अवस्थामा घरको कुनै हिस्साको धनीले आफ्नो हिस्साजति बिक्री गरिदिएकोमा सो घरको अर्को हिस्साको धनीले निखन्न खोजेकोमा निजले निखन्न पाउँछ । त्यस्तो निखन्न पाउने व्यक्ति धेरै भएमा तीमध्ये सबैभन्दा मर्का पर्ने व्यक्तिले निखनी लिन पाउँछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार नै दाबीको घर जग्गा र वादीको हिस्साको घर ढलान छत लिन्टर एकै भएको भन्नेमा विवाद नदेखिएबाट वादीले दाबीको घर जग्गा निखन्न नपाउने भन्न मिलेन । यस स्थितिमा घर आँगन निखन्न पाउँ भन्ने वादीको फिराद दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला उल्लिखित कानूनी व्यवस्थाको रोहमा मनासिब देखिन नआएकोले सो फैसला उल्टी गरी दाबीबमोजिमको जग्गा वादीले निखनी लिन पाउने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसलालाई अन्यथा मान्न सकिएन । उच्च अदालतको फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको निवेदन जिकिरका साथै निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर तथा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधार कारणहरूसँग समेत सहमत हुन सकिएन ।

वादीको दाबी नपुग्ने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०७३।०२।०६ को फैसला मिलेको नदेखिँदा बदर भई दाबीबमोजिमको घर जग्गा वादीले निखनी लिन पाउने ठहर्‍याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।०३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०७९ साल माघ २७ गते रोज ६ शुभम् ।

**२५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-२४३८, जबरजस्ती करणी (हाडनाता), राजन भन्ने खडानन्द गिरी वि. नेपाल सरकार*

मिसिल संलग्न पीडितको जन्मदर्ता प्रमाणपत्रको आधारमा निजको जन्ममिति २०६१।०५।२० भई वारदात भएको मिति २०७४।४।२० मा निजको उमेर १२ वर्ष ९ महिना रहे भएको तथा निज पीडित र प्रतिवादीबिच बाबुछोरीको नाता रहेको देखिन्छ । यी प्रतिवादीउपर पीडितले किटानी जाहेरी र किटानी बकपत्र गरिदिएको, किटानी वस्तुस्थिति मुचुल्का र सोही बेहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएको, अदालतमा गरेको बयानमा कसुर अस्वीकार गरे तापनि अनुसन्धानको क्रममा आरोपित कसुरलाई स्वीकार गरी प्रतिवादीले बयान गरेको हुँदा निज प्रतिवादीले हाडनाताभित्रको निजको आफ्नै छोरीलाई जबरजस्ती करणीको कसुर गरेको तथ्य स्थापित हुन आएको देखियो । यस स्थितिमा

प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३(२) नं. तथा हाडनाताको करणी गर्ने महलको १ नम्बरबमोजिमको कसुर भएको देखिँदा पुनरावेदकको अभियोग दाबीबाट सफाइ दिनुपर्ने जिकिरसँग सहमत हुन सकिएन । उच्च अदालत विराटनगरबाट मिति २०७५।९।३ मा भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिन आएन ।

प्रतिवादी राजन भन्ने खडानन्द गिरीले छोरी नाताको १२ वर्षीय पीडित बेलबारी ५क लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३(२) नं. तथा हाडनाताको करणी गर्ने महलको १ नम्बरबमोजिमको कसुर भएको हुँदा तत्तत् महलको तत्तत् नम्बरबमोजिम निज प्रतिवादीलाई जबरजस्ती करणीको कसुरतर्फ ८ वर्ष कैद र हाडनाता करणीतर्फ १० वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट रु.२५,०००।- (पच्चिस हजार रूपियाँ) क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७५।९।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर - मन्जिता ढुंगाना

इति संवत् २०७८ साल माघ १८ गते रोज ३ शुभम् ।

## २६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी**, *०७०-CI-१०८१, अंश नामसारी, रामाशंकर केवट वि. बच्चु केवट*

पुनरावेदन प्रतिवादीले अर्का प्रतिवादी रामलक्षन केवटले अघि चलेको अंशबन्डा मुद्दाबाट रामलक्षन केवटको अंशभागमध्येबाट निजका श्रीमती र छोराले ३ भागबाट २ भाग अंश लिइसकेको हुँदा अन्य अंशियारासरह अंश पाउने होइन भनी लिएको जिकिरतर्फ हेर्दा, यी पुनरावेदक प्रतिवादी रामाशंकर केवट, गंगौती केवट र रामलक्षन केवटले सुरू जिल्ला अदालतमा प्रतिउत्तर फिराउँदा समान अंशियारको हैसियतले संयुक्त प्रतिउत्तर फिराइएको तायदातीसमेत संयुक्त रूपमा पेस गरेको देखिन्छ । यसबाट निजले यी पुनरावेदकलाई आफूसरहको अंशियारको रूपमा स्वीकार गरेको देखिन आउँछ । तदनुरूप सुरू जिल्ला अदालतले तीन अंशियारा कायम गरी सगोलको सम्पत्तिलाई तीन भाग लगाई बन्डा गरेकोमा पुनरावेदक प्रतिवादीले उक्त फैसला स्वीकार गरी पुनरावेदन अदालतमा पुनरावेदनसमेत नगरी बसेकोमा निजका हकमा उक्त फैसला सो हदसम्म अन्तिम भई बसेको देखियो । सुरू फैसला स्वीकार गरी पुनरावेदन अदालतमा पुनरावेदन नै नगरेको अवस्थामा यस अदालतमा निजले अन्य अंशियारसरह पूरा अंश नपाउने भनी जिकिर लिन मिल्ने नदेखिँदा सोसमेतको सगोलको सम्पत्ति तीन भाग लगाई सोको एक भाग प्रत्यर्थी प्रतिवादी रामलक्षन केवटले पाउने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालतमा फैसला सो हदसम्म मिलेकै देखियो । कि.नं. ४५५ र ३१६ को हकमा माथि विवेचित आधार, कारणबाट उक्त कित्ता जग्गा पुनरावेदक प्रतिवादीहरूको निजी आर्जनको बन्डा नलाग्ने सम्पत्ति देखिँदा सोसमेत बन्डा लाग्ने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म मिलेको देखिन आएन ।

पुनरावेदक प्रतिवादी गंगावती (गंगौती) केवटको नाउँमा दर्ता रहेको कि.नं. ४५५ र ३१६ को जग्गा निजी आर्जनको भई बन्डा नलाग्नेमा सोसमेत बन्डा गरेको पुनरावेदन अदालत

बुटवलको फैसला सो हदसम्म नमिली केही उल्टी हुने र अन्यमा पुनरावेदन अदालत बुटवलको मिति २०७०।४।३० को फैसला सदर हुने ।

इजलास अधिकृत - इन्दिरा कार्की गेलाल

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम् ।

## २७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-०३०५, निषेधाज्ञा, परमादेश, निर्मलादेवी यादवसमेत वि. रामबाबुप्रसाद यादव*

धनुषा जिल्ला, तारापट्टी सिर्सिया-१ को कि.नं. ३५० को ज.वि.१०-७-७ मध्येको क्षेत्रफल १-५-० को पोखरी सन्दर्भमा हेर्दा मिसिल संलग्न जग्गाधनी दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपिबाट कि.नं. ३५० मालपोत विभागको च.नं. ३२०/०४४/९/२२ को पत्रानुसार श्री ५ को सरकारका नाममा कायम भएको देखिन आउँछ । उक्त तथ्यलाई पुरावेदकहरूले समेत स्वीकार गरेको अवस्था छ । यी पुनरावेदकहरूले पुनरावेदनमा कि.नं. ३५० को ज.वि.१०-७-७ मध्येको क्षेत्रफल १-५-० को आफ्नो हक पुग्ने आफ्नो नाममा दर्ता हुनुपर्ने पोखरी गैरकानूनी रूपमा नेपाल सरकारको नाउँमा दर्ता कायम रहेको भनी जिकिर लिएको भए तापनि सो दर्ता बदरका लागि कानूनबमोजिम कारबाही चलाई आफ्नो नाममा दर्ता कायम गराएको देखिन आउँदैन । वस्तुतः निषेधाज्ञाको निवेदनको रोहबाट हक बेहक हुने वा दाबीको सम्पत्तिमा हक स्वामित्व कायम हुने वा समाप्त हुने अवस्था हुँदैन। न त यसबाट स्वामित्वको विवादको निरुपण नै हुनसक्छ। जग्गा (पोखरी) दर्ताको विषय सम्बद्ध स्रेस्ता प्रमाण हेरी सम्बन्धित निकायले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी निरूपण गर्न सक्ने विषय देखिँदा प्रस्तुत मुद्दामा जारी निषेधाज्ञाको आदेशले सो दर्तासम्बन्धी प्रक्रियालाई अन्यथा गर्ने अवस्था रहँदैन । स्रेस्ता प्रमाण हेरी निरूपण गर्नुपर्ने प्रश्नमा प्रस्तुत निवेदनको रोहबाट प्रमाणको विवेचना गरी बोल्न मिल्ने अवस्था नहुँदा नेपाल सरकारको नाउँमा दर्ता कायम रहेको निवेदक दाबीको पोखरी उक्त दर्ता अन्यथा नभएसम्म सार्वजनिक उपभोगको भनी मान्नुपर्ने देखियो। यस स्थितिमा उक्त पोखरीको सार्वजनिक उपभोगमा कसैलाई कुनै किसिमको बाधा अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई मिति २०७१।०१।९ मा भएको पुनरावेदन अदालत जनकपुरको आदेश मनासिब देखिँदा अन्यथा भन्न मिल्ने देखिएन।

नेपाल सरकारको नाउँमा दर्ता कायम रहेको कि.नं. ३५० मा रहेको निवेदन दाबीको पोखरीको सार्वजनिक उपभोगमा कसैलाई कुनै बाधा अवरोध नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।०१।९ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत - शिवप्रसाद पराजुली

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०७८ साल चैत्र ९ गते रोज ४ शुभम्।

## २८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-CR-०५१९, जबरजस्ती करणी, भागीराम थारू वि. नेपाल सरकार*

प्रतिवादी भागीराम थारूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३)(घ) बमोजिम १० वर्ष कैद सजाय गरी

पीडितलाई रु. २५,०००।- क्षतिपूर्तिसमेत भराइदिने गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत सुर्खेतको मिति २०७७।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- हेमराज शर्मा

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम् ।

## २९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिल प्रसाद श्रेष्ठ**, *०७८-CR-०५९४, हाडनाता, जबरजस्ती करणी, परिवर्तित नाम ५० बुटवल ११ वि. नेपाल सरकार*

प्रतिवादी परिवर्तित नाम ५० बुटवल ११ लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३)(घ) बमोजिम ११ वर्ष कैद सजाय र आफ्नै छोरीलाई करणी गरेकोले सोही संहिताको दफा २२० को (२) (क) बमोजिम जन्म कैदको सजाय थप हुने तथा पीडितलाई प्रतिवादीबाट रु.१,००,०००।- क्षतिपूर्तिसमेत भराइदिने गरी भएको सुरू रुपन्देही जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७७।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- हेमराज शर्मा

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम् ।

## ३०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७७-CR-१०८३, हाडनाता, जबरजस्ती करणी,* परिवर्तित नाम ०४-२-च-१ वि. नेपाल सरकार

प्रतिवादी परिवर्तित नाम ०४-२-च-१ लाई अभियोग माग दाबीबमोजिम १४ वर्षकी पीडितलाई जबरजस्ती करणी गरेकोले ८ वर्ष ६ महिना कैद र आफ्नै छोरीलाई करणी गरेकोले हाडनातातर्फ १० वर्ष कैदको सजाय थप गरी रु.५०,०००।- क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीबाट भराइपाउने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७७।६।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- हेमराज शर्मा

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम् ।

## ३१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०९८५, जबरजस्ती करणी, सन्त भन्ने सन्टबहादुर वि.क. वि. नेपाल सरकार*

मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीले पीडित परिवर्तित नाम पाठेखोला 'क' लाई जबरजस्ती करणी तथा बाल यौन दुराचार गरेको ठहरेकोले अभियोग मागदाबीबमोजिम सो हदसम्म कसुर कायम गरेको सुरू फैसला सदर हुने ठहऱ्याएको उच्च अदालतको फैसला न्यायोचित नै देखिन्छ । अब फैसलाले ठहर गरेको सजायको हकमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादीको उमेर, निजले रक्सी खाएको नसामा गरेको कार्यको प्रकृति, वारदात गर्दाको अवस्था र पीडितउपर गरेको आपराधिक कार्यको विश्लेषण गर्दा उल्लिखित कानूनी व्यवस्थामा भएको न्यूनतम सजाय गर्दा पनि उक्त कानूनको उद्देश्य पूरा हुने हुन्छ । कानूनमा अधिकतम सजाय गर्नुपर्ने अवस्था र परिस्थिति फरक फरक हुन सक्छन् । प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीलाई कानूनमा उल्लेख भएको अधिकतम हदसम्मको सजाय गर्दा

फौजदारी न्याय प्रणालीको दण्डको सुधारात्मक सिद्धान्तसँग मेल नखाने पनि हुन सक्ने अवस्था हुन्छ । यस अवस्थामा प्रतिवादीलाई कानूनमा भएको अधिकतम सजाय गर्दैमा कानूनको उद्देश्य पूरा हुन्छ भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीलाई न्यूनतम १० वर्ष ३ महिना कैद सजाय हुने गरी उच्च अदालत पोखराबाट भएको फैसलालाई अन्यथा मान्न मिलेन । प्रतिवादीको पुनरावेदन जिकिरका साथै यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार, कारण तथा प्रतिवादीका तर्फबाट उपस्थित रहनुभएका वैतनिक विद्वान् अधिवक्ताको बहस बुँदासँग सहमत हुन सकिएन।

अभियोग दाबीबमोजिम कसुर कायम गरी पुनरावेदक प्रतिवादी सन्त भन्ने सन्टबहादुर बि. क. बाट पीडितलाई रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने गरी गरेको हदसम्मको सुरू स्याङ्जा जिल्ला अदालतबाट भएको फैसला सदर हुने र सजायको हकमा प्रतिवादीको उमेर, वारदातको अवस्था र कार्यको विश्लेषणसमेतलाई विचार गरी तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं. अनुसार न्यूनतम सजाय १० वर्ष कैद गर्दा पनि कानूनको उद्देश्य पूरा हुने हुँदा सुरू स्याङ्जा जिल्ला अदालतबाट यी पुनरावेदक प्रतिवादीलाई पन्ध्र (१५) वर्ष कैद गरेको हदसम्म केही उल्टी भई प्रतिवादी सन्त भन्ने सन्टबहादुर वि.क.लाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं. बमोजिम न्यूनतम १० वर्ष कैद सजाय र ऐ. को ९(क) नं. बमोजिम थप महिना ३ गरी जम्मा १० वर्ष ३ महिना कैद हुने गरी उच्च अदालत पोखराबाट मिति २०७४।०८।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - इन्दिरा कार्की गेलाल / यज्ञमूर्ति ज्ञवाली / नबिन आचार्य

कम्प्युटर- सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन २९ गते रोज २ शुभम् ।

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-०८७०, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामचन्द्र कार्कीसमेत*

यी प्रतिवादीहरू रामचन्द्र कार्की, अर्जुन भन्ने दिलिप खत्री, ओमशरण थापा र रमेश के.सी. लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्म कैदको सजाय गरेको दोलखा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- हेमराज शर्मा

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम् ।

**३३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CR-०३४३, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. तारा क्षेत्री (शर्मा)*

मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा १५(१)(ख) मा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपियाँदेखि एक लाख रूपियाँसम्म जरिवाना हुने छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । निज जाहेरवालीहरू सबै उमेर पुगेका देखिन्छन् । त्यस्तै जाहेरवालीमध्येका

निकिता गिरीले प्रतिवादीले आफ्नो एपेन्डिक्सको अपरेसनसमेत गरिदिएको भनी अदालतसमक्ष बकपत्रसमेत गरिदिएको देखिन्छ । यस परिप्रेक्ष्यमा, सुरू ललितपुर जिल्ला अदालतले प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत दफा ४(१)(ख) र ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम १०(दश) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहऱ्याई गरेको फैसला सो हदसम्म अन्यथा देखिन आएन । तथापि ऐ.ऐनको दफा १७(१) मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने छ भन्नेसमेत कानूनी प्रावधान रहेकोमा, सुरू एवम् पुनरावेदन अदालतले सोतर्फ केही नबोली गरेको फैसला कानूनसम्मत देखिन आएन । तसर्थ पीडितहरूले प्रतिवादीबाट दामासाहीले रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति पाउनेसमेत ठहर्छ ।

प्रतिवादी तारा क्षेत्री (शर्मा) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)ख बमोजिम १० वर्ष कैद र रु.५०,०००।- (पचास हजार मात्र) जरिवाना हुने गरी सुरू ललितपुर जिल्ला अदालतले गरेको फैसलालाई उल्टी गरी निज प्रतिवादी तारा क्षेत्री (शर्मा) लाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनको मिति २०७२।०२।२६ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी तारा क्षेत्री (शर्मा) लाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ख) बमोजिम १० (दश) वर्ष कैद र रु.५०,०००।-(पचास हजार रूपियाँ) जरिवाना हुने । साथै क्षतिपूर्ति भराउने सम्बन्धमा केही नबोली फैसला गरेको देखिँदा ऐ. ऐनको दफा १७(१) बमोजिम पीडितहरूले प्रतिवादीबाट दामासाहीले रु.५०,०००।- (पचास हजार) क्षतिपूर्ति पाउने ।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर - सुप्रभा अर्याल

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम्।

## इजलास नं. ९

### ३४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-WO-०२७४, उत्प्रेषणयुक्त परमादेशसमेत, निरञ्जन थापासमेत वि. उद्योग मन्त्रालय, सिंहदरबार, काठमाडौं*समेत

उग्रचण्डी ग्यास उद्योग प्रा.लि.को शाखा स्थापना गर्दा उद्योग स्थल टुकुचानाला गाउँ विकास समिति वडा नं.३ टुकुचामा उद्योग निर्माण स्थलमा नगन्य रूपमा केही घरबाहेक आवास क्षेत्र र घना वस्ती नरहेको कुरा टुकुचानाला गा.वि.स.वडा नं.३ ले दिएको सिफारिस, IEE प्रतिवेदन र नेपाल आयल निगमको फिल्ड प्रतिवेदनबाट देखिने । उक्त उद्योग सञ्चालनमा आएपश्चात् उद्योगको करिब १५० मिटर दक्षिण पश्चिमतर्फ गल्फु विनायक दुध डेरी प्रा.लि. स्थापना भएको र सो वरपर हाल केही घरहरू निर्माण भएको साथै घर जग्गा खरिद बिक्रीसमेत हुन थालेको भनी विपक्षी उग्रचण्डी ग्यास उद्योग प्रा.लि. स्वयंले स्वीकार गरी प्रतिवेदन पेस गरेको । अदालतको आदेशबमोजिम तयार भएको नक्सा हेर्दा, न.नं.१४ मा देखिएको घर र

न.नं.१० मा बनेका घरहरू उद्योग स्थापना भएपछि बनेका घरहरू भएको,न.नं.१३ मा भएको कच्ची घर उद्योग स्थलबाट ४९५ मिटर दुरीमा रहेको र सो घरदेखि ५०० देखि ७०० मिटर दुरीमा स्वास्थ्य चौकी रहेको देखिने । उक्त नक्साको न.नं.११ मा देखिएको विद्यालय उद्योग स्थलबाट करिब २३३.२ मिटर दुरीमा रहेको र हाल विद्यार्थीहरूको सङ्ख्या घट्दै गएकाले ८ कक्षासम्म सञ्चालन भइरहेकोमा हाल ५ कक्षासम्म मात्रै सञ्चालन भइरहेको देखिने । उद्योग खोल्दाको वस्तुस्थिति आजको परिस्थितिसँग मेल नखाने । तर, उद्योगको वरिपरि रहेको अरूको जग्गामा घर व्यवसाय निर्माण गर्न रोक लगाउन सक्ने वा उद्योगको ५ किलोमिटर वरिपरिको क्षेत्रमा उद्योगले खरिद गर्नसक्ने सम्भवन नहुने ।

उद्योग स्थापना गर्दा वातावरणीय परीक्षण तथा प्रभाव मूल्याङ्कनको प्रक्रिया पूरा गरेको, उद्योग स्थापनाको लागि प्रचलित कानूनले तोकेका मापदण्डहरू पालना गरेको र उद्योगले आम जनस्वास्थ्य तथा सुरक्षाप्रति सजगता अपनाएको देखिँदा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - निराजन शर्मा

इति संवत् २०८० जेठ २९ गते रोज २ शुभम् ।

**३५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७६-CR-०३४८, जबरजस्ती करणी, नेपाल सरकार वि. भिम कडरियासमेत*

Hymen not Intact भन्दैमा जबरजस्ती करणीको अपराध स्थापित नहुने भन्ने हुँदैन । यसरी Hymen not Intact उल्लेख भएको मात्रलाई आधार मानी पीडितको तिघ्राको भित्री भागमा निलडाम, देब्रे हातको नाडी र कुहिनाको अघिल्लो भागमा रहेको निलडामसहितको पीडितको स्वास्थ्य परीक्षणलाई चाहिँ बेवास्ता गर्न मिल्दैन । पीडितको दायाँ र बायाँ दुवै तिघ्राको भित्री भागमा त्यस्तै देब्रे हातको नाडी र कुहिनाको अघिल्लो भागमा देखिएको निलडामलाई प्रतिवादीले अन्यथा भनी प्रमाणित गर्न सकेको पाइँदैन ।

बिरामी भई सुस्त अवस्थामा रही बोली नआउने, इसारासमेत गर्न नसक्ने, होस ठेगानमा नरहेकी पीडितामाथि जबरजस्ती करणीको कसुर गरेको भनी झुट्टा आरोप लगाएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ हेर्दा, हाम्रो जस्तो परम्परागत सँस्कृतिलाई आत्मसात गरी जीवनशैली अपनाइरहेको समाजमा आफ्नो अविवाहित हिँड्डुल गर्न नसक्ने, इसारासमेत गर्न नसक्ने छोरीलाई बिना कुनै रिसइवी जबरजस्ती करणी गर्‍यो भनी आरोप लगाउनुपर्ने कारण, आधार प्रतिवादीले अदालतसामु पेस गर्न सकेको पाइँदैन । केवल प्रतिवादीको पुनरावेदकीय जिकिरका अलावा निजले कानूनत: पुष्टि हुने कुनै प्रमाण पेस गरेको देखिँदैन । प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा साबिती भई लेखाइदिएको अवस्थामा जाहेरी बेहोरा र सो बेहोरा समर्थित हुने गरी वादीका साक्षीहरूले गरेको बकपत्रसमेतलाई अन्यथा भन्नुपर्ने अवस्था नभई यी प्रतिवादीले पीडित एक वर्षअघिदेखि बिरामी भई Depression को औषधी सेवन गरिरहेकी, बोली बोल्न नसक्ने, अपाङ्गता रहेको मानिसहरूले कुर्नुपर्ने अवस्थाकी भएको पीडिताउपर जबरजस्ती करणी गरेको झुठो अरोप लगाएको भन्ने पुनरावेदन

जिकिर स्थापित हुन सक्ने देखिएन। पुनरावेदकको कानून व्यवसायीको प्रत्यर्थी झिकाइपाउँ भन्ने बहस जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ, सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७४/१०/१८ मा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद, सोही महलको ३ क नं. बमोजिम थप ५ (पाँच) वर्ष कैद, सोही महलको १० नं. बमोजिम रु.१,००,०००।-(एक लाख) प्रतिवादीबाट वादीले क्षतिपूर्ति भराइपाउने गरी भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।९।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - हिरा डंगोल

इति संवत् २०७८ असोज १० गते रोज १ शुभम्।

**३६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-WO-०३६१, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व कार्यालय, लाजिम्पाटसमेत*

रिट निवेदकलाई आन्तरिक राजस्व कार्यालयले गरेको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझेमा त्यस्तो आदेशउपर आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिनसक्ने र प्रशासकीय पुनरावलोकनको लागि दिएको निवेदनमा पनि विभागका महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझे सोही ऐनको दफा ११६ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने नियमित उपचारको कानूनी व्यवस्था हुँदाहुँदै पनि यी रिट निवेदकले उक्त कानूनी व्यवस्थालाई अवलम्बन गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - महेन्द्रबहादुर कार्की / सरिता रिजाल

कम्प्युटर अपरेटर - सरस्वती दाहाल

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७५-wo-०३५९, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-wo-०३६०, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-WO-०३६२, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-WO-०३६३, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-WO-०३६४, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-WO-०३६५, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-wo-०३६६, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७५-WO-०३६७, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व

विभाग लाजिम्पाट, काठमाडौंसमेत

- ०७५-wo-०३६८, उत्प्रेषण, विजयकुमार यादव वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत

### ३७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CI-१३४२, हक कायमसमेत, शम्भुकुमार कार्की वि. हिमालयकुमारी कार्कीसमेत*

प्रथमत: खड्गबहादुर कार्कीका २ श्रीमतीमध्ये कान्छी पदमकुमारीतर्फका ५ छोरामध्ये महिला छोरा ओमभक्त कार्कीको मृत्यु भएको र बाँकी ४ छोरामा जेठा दलबहादुर कार्कीको मृत्यु भई निजको श्रीमती पूर्णकुमारी कार्की र लवकुमारी कार्की, साहिँला डम्बरबहादुर कार्कीको मृत्यु भई निजको श्रीमती भीमकुमारी कार्की, काहिँला वादी हरिबहादुर कार्की र निजतर्फका छोरा प्रतिवादी शम्भुबहादुर कार्की र कान्छा छोरा प्रतिवादी देवेन्द्रबहादुर कार्की रहेकोमा निजको मृत्यु भई हिमालयकुमारी कार्की भनी वादीले उल्लेख गरेको नाता र पुस्तावली प्रतिवादीहरूले स्वीकार गरेकोले सोमा विवाद देखिएन । माहिला छोरा ओमभक्त कार्कीको मिति २०६७।६।१९ मा सवारी दुर्घटनामा परी मृत्यु भएको, निजको श्रीमती गंगामायाको मिति २०५६।६।३० मा मृत्यु भएको र निजहरूका छोराछोरी नभई नि:सन्तान भएको भन्ने कुरामा पनि विवाद नदेखिएकोले त्यसतर्फ थप विवेचना गरिरहनुपर्ने ।

ओमभक्त कार्कीको मिति २०६७।६।१९ मा सवारी दुर्घटनामा परी मृत्यु भएकोमा निजको मृत्युपश्चात् हकवालाले प्राप्त गर्ने क्षतिपूर्तिबापतको रु. ५,००,०००।- मा दाबीकर्ताहरूमध्ये को-कस्को हक लाग्ने हो ? भन्ने विषय नै प्रस्तुत मुद्दामा मुख्य विवाद रहेको देखियो । मृतक ओमभक्त कार्कीको मृत्युपश्चात् प्राप्त हुन आएको क्षतिपूर्तिबापतको रकम रु. ५,००,०००।- मा को कसको कायम हुने भन्ने सम्बन्धमा पुनरावेदक/वादी शम्भुकुमार कार्कीको हक कायम भई क्षतिपूर्ति रकम दिलाई भराइपाउने ठहरी फैसला भएको हुँदा सो मुद्दामा ग्रहण गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा समेत दाबीको क्षतिपूर्तिको रकममा पुनरावेदक/वादी शम्भुकुमार कार्कीको मात्रै दाबी पुग्ने देखिएकोले वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला मिलेको देखिने ।

वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०२।३२ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७३।०५।१९ मा भएको फैसला नमिलेकोले उल्टी भई दाबीको क्षतिपूर्तिबापतको रकममा पुनरावेदक/वादी शम्भुकुमार कार्कीको हक कायम हुने ।

इजलास अधिकृत - इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७९ साल पौष २४ गते रोज १ शुभम ।

- यसै लगाउको ०७३-CI-१८२०, अपुताली हक कायम, हिमालयकुमारी कार्की वि. शम्भुकुमार कार्कीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

### ३८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०६७-CI-१४४३, हक कायम, प्रेमाकुमारी*

*जैसवाल वि. गुरूप्रसाद मिश्रसमेत*

विवादित जग्गाको मूल स्रोतको रूपमा जिल्ला बाँके, साबिक बसुदेवपुर गा.वि.स. वडा नं. ५ मा रहेको कि.नं. २०० को जग्गामध्ये आधा भाग अंश हकको रूपमा सोनापती मिश्रको भोग चलनमा रहेकोमा यी पुनरावेदक वादीले मिति २०६१।८।२९ मा र.नं. ३१२३ भएको मालपोत कार्यालय, बाँकेबाट राजीनामा लिखत रजिस्ट्रेसन पारित गरी लिएको देखिन्छ। निज पुनरावेदक वादीको हक कायम हुन आएको उक्त जग्गामा बाटोलाई फराकिलो बनाउने, घर जग्गालाई च्यापी देवल उठाएको र हकै नभएको जग्गालाई दाबी गरेको भन्ने विवाद उठी यिनै प्रत्यर्थी प्रतिवादीले पुनरावेदक वादी प्रेमाकुमारी जैसवालसमेतउपर बाँके जिल्ला अदालतमा दायर गरेको दे.पु.नं./र.नं.३३१/१३-०६४-००३५७ को हकसफा मुद्दामा वादी दाबी पुग्न नसक्ने भनी सो अदालतबाट भएको फैसला तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट सदर ठहर्‍याई उक्त मुद्दा अन्तिम भएको देखिने।

त्यसै गरी बाँके जिल्ला अदालतले मिति २०६२।६।१५ मा भई आएको नक्सा मुचुल्कालाई फैसलामा उल्लेख गरेको र पुनरावेदक वादी प्रेमाकुमारी जैसवालले पुनरावेदनपत्रमा मिति २०६२।६।१५ मा भएको नक्सा मुचुल्काको न.नं. ८ को घर जग्गा उल्लेख गरेको देखिए तापनि सुरू बाँके जिल्ला अदालतको मिति २०६४।३।३ को आदेशानुसार उक्त मिति २०६२।६।१५ को नक्सा मुचुल्का बदर भई मिति २०६४।३।२१ मा पुनः नक्सा मुचुल्का भएको देखिन्छ। सो नक्सा मुचुल्काको विश्लेषण गर्दै यसै लगाउको पुनरावेदक प्रतिवादी प्रेमाकुमारी जैसवाल विरुद्ध प्रत्यर्थी वादी गुरुप्रसाद मिश्र भएको नं. ०६७-CI-१४४४ को जग्गा खिचोला मुद्दामा आज यसै इजलासबाट मिति २०६४।३।२१ को नक्सा मुचुल्काको न.नं. ५, ५क, ५ख, ६ख, ६ग को जग्गा प्रतिवादीहरूले सो हदसम्म खिचोला गरेको ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।२।२४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको हुँदा सो मुद्दामा ग्रहण गरिएका आधार, कारण र प्रमाणहरूसमेतबाट मिति २०६४।३।२१ मा भएको नक्सा मुचुल्काको न.नं. ५, ५क, ५ख, ६ख, ६ग को जग्गामा पुनरावेदक वादीको हक कायम हुन आएको देखिँदा वादी दाबीबमोजिम हक कायम हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतबाट मिति २०६४।८।९ मा भएको फैसला उल्टी हुने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।२।२४ मा भएको फैसला मिलेको नदेखिने।

हक कायम नहुने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।२।२४ मा भएको फैसला उल्टी भई मिति २०६४।३।२१ को नक्सा मुचुल्काको न.नं. ५, ५क, ५ख, ६ख, ६ग का जग्गामा प्रतिवादीको खिचोला मेटाई पुनरावेदक वादीको हक कायम भई चलनसमेत चलाइपाउने।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई/ विकाशकुमार रजक

कम्प्युटर - चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल पौष २६ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CI-१४४४, जग्गा खिचोला, प्रेमाकुमारी जैसवाल वि. गुरुप्रसाद मिश्रसमेत भएको मुद्दा यसैअनुसार फैसला भएको छ।

**३९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-CR-०२२०, ०७२-CR-०४८२, ०७२-CR-०६०६, ०७२-CR-१०७३, पर्ती जग्गा व्यक्तिका नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुर्‍याएको, नेपाल सरकार वि. विनोद शाहसमेत, पुष्पराज तिमिल्सिना, वि.नेपाल सरकार, अग्नीबहादुर शाही वि. नेपाल सरकार, अनिलकुमार मिश्र वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको छैन भनी जिकिर लिएको अवस्थामा उक्त कुराको प्रमाणको भार पुर्‍याउने जिम्मेवारी प्रतिवादीहरूको नै हुने देखिन्छ। आफू निर्दोष रहेको प्रमाण प्रतिवादीहरूले पेस गर्न सकेको देखिएन । गा.वि.स. ले नम्बरी जग्गा हो भन्ने किटानी सिफारिस र चालु आ.ब. को मालपोत तिरेको रसिद कार्यालयमा पेस गरी स्रेस्ता कायम गरिपाउँ भनी निवेदन दिएकोले नापी कार्यालयबाट प्लट रस्टर माग गरी आइसकेकोले सोही प्रमाणका आधारमा स्रेस्ता कायम गरिएको हो भन्ने प्रतिवादी अग्नीबहादुर शाही र फाँटवालाहरूले ठिक छ भनेकोले सिफारिस गरेको हो भन्ने भरमा मात्र प्रतिवादीहरू अनिलकुमार मिश्र र पुष्पराज तिमिल्सिनाले अभियोग दाबीबमोजिमको कसुरबाट उन्मुक्ति पाउने अवस्था देखिन आएन।

एक जिम्मेवार अधिकारीले वस्तुस्थिति एवं प्रमाण बुझी कानूनबमोजिम गर्नुपर्ने कार्य कसैले भन्यो भनेर प्रमाण बुझ्दै नबुझी गर्दछ भने त्यस्तो कार्यको जिम्मेवारी आफूले नै लिनुपर्ने । कुनै ठोस आधार र कारणबिना नै आफूले गरेको कार्यको जिम्मेवारी अर्कैमा सार्ने र सो कार्यबाट त्यस्तो अधिकारीलाई उन्मुक्ति दिने हो भने प्रशासनिक उत्तरदायित्व एवं जवाफदेहितासम्बन्धी अवधारणामा नै नकारात्मक असर पर्न गई कर्मचारीहरूमा बेथिति एवं गैरजिम्मेवारपन नबढ्ला भन्न नसकिने भनी सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी दुर्गादास सिग्देल विरूद्ध वादी नेपाल सरकार ने.का.प २०६८, अङ्क ३, नि.नं. ८५८३ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। उक्त सिद्धान्तको आधारमा समेत पुनरावेदक प्रतिवादीहरू आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्ने अवस्थाको विद्यमानता देखिन आएन।

यसरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी पुर्‍याउने बदनियतले निवेदक जगतराम कठरिया र नारायण कठरियाको नाममा जग्गा दर्ता गराउने परिपञ्च मिलाई आफू अनुकूल हुने गरी गैरजिम्मेवारीपूर्ण तवरले प्लट रजिस्टर मात्र माग गरी सोही आधारलाई टेकी सार्वजनिक जग्गा उल्लिखित व्यक्तिहरूका नाममा दर्ता गर्ने कार्यमा मालपोत कार्यालयका तत्कालीन निमित्त प्रमुख पुष्पराज तिमिल्सिना, ना.सु. अग्नीबहादुर शाही तत्कालीन जोशीपुर गा.वि.स. सचिव अनिलकुमार मिश्रले आरोप दाबीबमोजिम कसुर गरेको पुष्टि हुनआयो।

प्रतिवादीमध्येका पुष्पराज तिमिल्सिना, अग्नीबहादुर शाही र अनिलकुमार मिश्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुर गरेकोले प्रतिवादी पुष्पराज तिमिल्सिना र

अनिलकुमार मिश्रको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम जनही ३ महिनाका दरले कैद र जनही रु ६,५०,०००।- (अक्षरेपि छ लाख पचास हजार रूपियाँ) का दरले जरिवानासमेत हुने र प्रतिवादी अग्नीबहादुर शाहीका हकमा ३ महिना कैद र रु. ४,५०,०००।- (अक्षरेपि चार लाख पचास हजार रूपियाँ) जरिवाना हुने र प्रतिवादीमध्येका नगेन्द्र बस्नेत, विनोद साह, उपेन्द्र यादब र दसरथ मण्डलले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालतबाट मिति २०७१।०८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सरिता रिजाल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल असार ३ गते रोज १ शुभम्।

४०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-RB-०१८३, बैंकिङ कसुर, पप्पु ठाकुर वि. नेपाल सरकार*

प्रतिवादी पप्पु ठाकुरलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम जाहेरवालाको बिगो रू.१,३१,००,०००।- (एक करोड एकतिस लाख) जाहेरवालालाई भराई निज प्रतिवादी पप्पु ठाकुरलाई बिगोबमोजिम जरिवाना र ०।१।० (एक महिना) कैद सजाय हुने साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम निज प्रतिवादीलाई जरिवाना भएको रू.१,३१,००,०००।- (एक करोड एकतिस लाख) को ४ प्रतिशतले हुन आउने रकम रू.५,२४,०००।- (पाँच लाख चौबिस हजार) प्रतिवादी पप्पु ठाकुरले क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने ठहर गरी उच्च अदालत, पाटनबाट मिति २०७६।०५।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल जेष्ठ ३ गते रोज ४ शुभम्।

४१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री मनोजकुमार शर्मा**, *०७५-CR-००४९, ०७५-CR-०८३४, ०७५-CR-१०७५, ०७५-CR-१४८४, ०७७-CR-०७८२, ०७७-CR-११७७, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. धनबहादुर तामाङ, नेपाल सरकार वि. धनबहादुर तामाङसमेत, नेपाल सरकार वि. इन्द्रबहादुर घिमिरे, इन्द्रबहादुर घिमिरे वि. नेपाल सरकार, विशाल लामा भन्ने दुधबहादुर लो वि. नेपाल सरकार, नेपाल सरकार वि. विशाल लामा भन्ने दुधबहादुर लो*

प्रतिवादीहरू रोशन भन्ने धनबहादुर तामाङ र इन्द्रबहादुर घिमिरेले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं. को कानूनी व्यवस्थाबमोजिम जाहेरवालाको वर्ष १७ को नाबालक छोरा सोनु चौधरीउपर अपहरण तथा शरीर बन्धक कसुरको उद्योग गरेको देखिन आएकोले उच्च अदालत, पाटनबाट भएको फैसला केही उल्टी भई निज प्रतिवादीहरू रोशन भन्ने धनबहादुर तामाङ र इन्द्रबहादुर घिमिरेलाई सोही महलको ५ नं. बमोजिम आधा सजाय ३ वर्ष ६ महिना कैद र ऐ. महलको ७ नं. बमोजिम २ वर्ष थप कैदसमेत जम्मा ५ वर्ष ६ महिना कैद र रु. ५०,०००।- का दरले जनही कैद र जरिवाना हुने, प्रतिवादी विशाल लामा भन्ने दुधबहादुर लोको हकमा प्रस्तुत वारदातमा निज मतियार देखिनआएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को

दफा २१५(२) बमोजिम उद्योगको कसुरमा सजाय भएको व्यक्तिलाई भएको सजायको आधा १ वर्ष ९ महिना र ऐ. महलको ७ नं. बमोजिम २ वर्ष थप कैदसमेत ३ वर्ष ९ महिना कैद र रु. ५०,०००।- जरिवाना हुने र मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. को दाबी नपुग्ने ठहर्छ। सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(३)(क) को अभियोग दाबी पुग्न नसक्ने र बरामद ट्याक्सी जफत नहुने ठहर गरी उच्च अदालत, पाटनबाट भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीमध्येका माधव घिमिरे खत्री फरार रहेको र निजले पुनरावेदनसमेत नगरेको भए तापनि निजको हकमासमेत केही उल्टी भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम अन्य प्रतिवादी रोशन भन्ने धनबहादुर तामाङ र इन्द्रबहादुर घिमिरेलाई भएको कैद र जरिवानासरह नै निज प्रतिवादी माधव घिमिरे खत्रीलाई ५ वर्ष ६ महिना कैद र रु. ५०,०००।- जरिवाना हुने।

फैसला तयार गर्न सहयोग गर्ने :- इन्द्रकुमार श्रेष्ठ, दामोदर रेग्मी, मतिना शाक्य

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०७९/१०/१६ गते रोज २ शुभम्।

**४२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-२०७६, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रमोद साहसमेत*

सुरूको जाहेरीमा मृतकलाई कर्तव्य गरी मारेकोमा मानिस पत्ता लगाई पक्राउ गरी कारबाही गरिपाउँ भनी जाहेरी परेको तर मृतकलाई यो यसले कर्तव्य गरी मारेको हो भन्ने कुरा खुल्न आएको देखिँदैन। लास जाँच प्रकृति मुचुल्का तथा घटनास्थल प्रकृति मुचुल्का हुँदाका अवस्थासम्म उल्लिखित वारदातका सम्बन्धमा कसुरदार पत्ता लागेको देखिँदैन। घटना घटेको लामो समयपश्चात् मृतकको लोग्ने भारतको पन्जावबाट फर्की घर आएपछि जाहेरी दिएको र सोही जाहेरीका आधारमा मुद्दाको कारबाही अगाडि बढेको देखिन्छ। जाहेरीमा श्रीमतीले गर्भधारण गरेको कुरा उल्लेख भएकोमा Post Mortem Report बाट मृतकको पेटमा बच्चा रहेको भन्ने पनि देखिँदैन । जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको आधार वा सूचना मात्र हुन सक्छ । फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण हुन सक्दैन। जाहेरीलाई अन्य स्वतन्त्र आधार प्रमाणहरूबाट पुष्टि गर्नुपर्ने हुन्छ । प्रतिवादीमध्येका प्रमोद साह अधिकार प्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित रहे पनि प्रहरीमा भएको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाणहरूबाट वादी पक्षले पुष्टि गर्न सकेको देखिएन । रामेश्वयरप्रसाद यादवसमेतको जाहेरीले श्री ५ को सरकार विरूद्ध सोचिन्द्रप्रसाद यादवसमेत भएको डाँका मुद्दामा "जाहेरी दरखास्त र प्रहरीमा भएको साबिती बयानको आधारमा मात्र कसुरको ठहर गर्नु न्याय कानूनसमेतबाट नमिल्ने" भनी यसै अदालतबाट ने.का.प. २०५६, अङ्क १, नि.नं. ६६५६ मा सिद्धान्तसमेत प्रतिपादन भएको देखिँदा जाहेरी र अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई मात्र आधार मानी प्रतिवादीहरू प्रमोद साह र झरिया भन्ने अजय यादवलाई दोषी ठहर गर्नु न्यायसङ्गत नहुने।

प्रस्तुत वारदातका सम्बन्धमा सुरूको जाहेरीमा यो यसले कर्तव्य गरेको हो भनी नखुलेको र घटनास्थल प्रकृति मुचुल्कामा समेत कसैको नाम उल्लेख नभएको अवस्थामा घटना घटेको करिब

६ महिनापछि परेको जाहेरीका आधारमा मात्र प्रतिवादीहरूलाई आरोपित कसुरमा दोषी ठहर गर्न मिल्ने देखिँदैन । वादी नेपाल सरकारले अमूक व्यक्तिउपर शंका लागि निजहरू विरूद्ध अभियोग दायर गरेरमात्र हुँदैन, अभियोजन पक्षले अभियोग दाबीलाई समर्थन हुने स्वतन्त्र प्रमाणहरूबाट पुष्टि गरेको हुनुपर्दछ । सुरूको जाहेरीमा यो यसले कर्तव्य गरी मारेको हो भनी उल्लेख नभएको तथा वारदात भएको ५१/२ महिनासम्म दोस्रो जाहेरी पर्नुभन्दा पहिले खडा भएका कुनै पनि प्रमाणहरूमा यी प्रतिवादीहरूले उल्लिखित वारदात घटाएको वा निजहरूको उक्त वारदातमा संलग्नता छ भनी लेखाउन वा खुलाउन सकेको पाइँदैन । यसरी प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफू निर्दोष रहेको भनी बयान गरेका र निजहरूको सो इन्कारी बयानलाई निजहरूका साक्षीहरूले समर्थन हुने गरी बकपत्र गरिदिएको अवस्थामा केवल अधिकारप्राप्त अधिकारीसमक्षको प्रतिवादीमध्येका प्रमोद साहको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती तथा घटनाको प्रत्यक्षदर्शी नै नरहेका जाहेरवालाको अदालतसमक्षको शंकास्पद बकपत्र कथनले मात्र निज प्रतिवादीहरूलाई कर्तव्य ज्यानजस्तो सङ्गीन अपराधमा दोषी ठहर गर्न न्यायोचित नहुने हुँदा निज प्रतिवादी प्रमोद साह र झरिया भन्ने अजय यादवलाई समेत आरोपित अभियोग दाबीबाट दुवै प्रतिवादीलाई सफाइ दिने गरी भएको सुरू सिराहा जिल्ला अदालतको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मनासिब नै देखिने ।

प्रतिवादीहरू प्रमोद साह तथा झरिया भन्ने अजय यादवले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू सिराहा जिल्ला अदालतले मिति २०६९।१२।२० मा गरेको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०२।२७ मा भएको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने

इजलास अधिकृत - सरिता रिजाल

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल असोज ८ गते रोज २ शुभम् ।

**४३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०७३८, अपहरण शरीर बन्धक तथा जबरजस्ती करणी, देवबहादुर खड्का वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा आफूले पीडितलाई जबरजस्ती करणी नगरेको भनी आरोपित कसुर गरेकोमा इन्कार गरी वारदात मितिमा अन्यत्र रहेको जिकिर लिए तापनि सो तथ्य पुष्टि हुने कुनै प्रमाण निज प्रतिवादीले पेस गरेको देखिँदैन । पीडित भनिएकी बालिकाको बुबासँग लेनदेनको विषयमा विवाद भएको र सो रकम तिर्न नपरोस् भनी फसाउन जाहेरी दिएको भनी प्रतिवादीले जिकिर लिएको देखिए पनि सो लेनदेन भएको तथ्य पुष्टि हुने प्रमाण पेस गर्न सकेको पाइँदैन । पीडितलाई सामूहिक जबरजस्ती भएको कारण निजको कन्या झिल्ली च्यातिएको भन्ने मिति २०६८।२।६ को स्वास्थ्य परीक्षणबाट नै पुष्टि भएको र निजलाई आफूले जबरजस्ती करणी गरेको होइन भनी जिकिर लिएकोमा जबरजस्ती करणी हुँदा कन्या झिल्ली अनिवार्य च्यातिने भन्ने नहुने, पीडितको कन्या झिल्ली अघि नै च्यातिएको भए पनि निजउपर जबरजस्ती करणी हुन नसक्ने भन्ने हुँदैन । जबरजस्ती करणीसम्बन्धी वारदातको पहिलो र प्रत्यक्ष प्रमाण भनेकै पीडित हुने र नाबालिग उमेरकी स्वयं पीडितले नै आफूलाई प्रतिवादीले

जबरजस्ती करणी गरेको भनी बकपत्रसमेत गरिदिएको स्थितिलाई अन्यथा प्रमाणित नभएसम्म साँचो प्रमाणको रूपमा मान्नुपर्ने हुन्छ। घटनास्थल मुचुल्का आफ्नो रोहबरमा नभएको भनी जिकिर लिएको सम्बन्धमा हेर्दा घटनास्थल वरपर सोही ठाउँका शोकबहादुर वलीसमेतका तीनजना व्यक्तिलाई साक्षी राखी तयार गरेको देखिँदा रीतपूर्वक तयार गरिएको त्यस्तो मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नै देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा वारदात भएको भनिएको दिन आफू कर्णाली चिसापानी गएको भने पनि सो कुरा पुष्टि हुन भरपर्दो प्रमाण पेस गरेको नदेखिने।

विद्यालयबाट फर्किरहेकी नाबालिग पीडितलाई बाटोमा रोकी आफू निजको बाबुको साथी भएको भ्रममा पारी, कापी किताब, डिक्सनरी र कपडा किनिदिने प्रलोभन देखाई मोटरसाइकलमा राखी जङ्गलमा लाने, करणी गर्ने, करणी गरिसकेपछि घर फर्कन नदिई अर्काको घरमा राख्नेजस्ता प्रतिवादीको कार्य अभियोग दाबी अनुसारको मुलुकी ऐन, जबरजस्ती करणीको महल, अपहरण तथा शरीर बन्धक लिनेको महलबमोजिम कसुरजन्य अपराध देखिन आयो । पुनरावेदक प्रतिवादीले नाबालिग पीडितलाई जबरजस्ती करणी गरेको र अपहरण गरी शरीर बन्धक लिएको कसुरमा निजलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला अन्यथा देखिन नआएकोले प्रमाणको मूल्याङ्कन नै नगरी आफूलाई सजाय गर्ने गरी भएको बाँके जिल्ला अदालत र उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासको फैसला बदर गरी आरोपित कसुर र सजायबाट सफाइ पाउँ भन्ने पुनरावेदक/ प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी देवबहादुर खड्कालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. अनुसार आठ वर्ष कैद हुने, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. अनुसार सात वर्ष कैद र पचास हजार रूपियाँ जरिवाना हुने, ऐ. ९ नं. बमोजिम थप दुई वर्ष कैद हुने र पीडितले प्रतिवादीबाट जबरजस्ती करणीको महलको १० नं. अनुसार पचहत्तर हजार रूपियाँ र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. अनुसार दुई दिनको एक हजार रूपियाँ क्षतिपूर्ति भराइलिन पाउने ठहर गरी बाँके जिल्ला अदालतबाट मिति २०७२।१०।१७ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।०२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिम थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी फौजदारी अपराध संहिता, २०७४ मा नगरेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ ।" भन्ने कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दामा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९

नं. बमोजिम थप सजाय गर्नु नपर्ने ।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : चन्द्रवती तिमल्सिना

इति संवत् २०७९ साल श्रावण ३१ गते रोज ३ शुभम् ।

## ४४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CI-०१५८, मोही जनाइपाऊँ, वेदकुमारी थापा वि. धनमान थामी*

कि.नं. १७८ को जग्गामा आफैँले परापूर्वकालदेखि घर गोठसमेत बनाई बसोबास गरिरहेको घरबासको जग्गामा मोही हक कायम हुने गरी भएको उक्त फैसला बदर गरी राम्चे गाउँ विकास समितिबाट मिति २०७०।७।६ मा भएको सर्जमिन मुचुल्का तथा वडा भेलाको निर्णयानुसार हुनुपर्ने भन्ने पुनरावेदन जिकिर रहेकोमा सो सम्बन्धमा विचार गर्दा, राम्चे गाउँ विकास समितिबाट मिति २०६६।८।१२ मा भएको सर्जमिन मुचुल्कामा कि.नं. १७८ को जग्गा धनमान थामीले जोतभोग गरिआएको र मोही धनमान थामी कायम गरेमा फरक पर्दैन भनी लेखी आएको देखिन्छ । सोही गा.वि.स.बाट मिति २०७०।७।६ मा भएको दोस्रो सर्जमिन मुचुल्कामा पहिलेको बेहोरा फरक पारी कि.नं. १७८ को जग्गा धनमान थामीले जोतभोग गरेको नभई जग्गाधनी वेदकुमारी थापाले जोतभोग गरेको र सो जग्गामा वर्षे कच्ची जस्ताको छानो भएको कटेरो (मतान) रहेको छ भन्ने उल्लेख भएको देखियो । एउटै विवादको विषयमा एउटै निकायबाट भएको सर्जमिन मुचुल्कामा पहिले लेखिएको बेहोराभन्दा पछि लेखिएको बेहोरा फरक पर्न गएको सम्बन्धमा मालपोत कार्यालय, सिन्धुपाल्चोकको च.नं. ४१ मिति २०७१।४।६ को पत्रद्वारा राम्चे गा.वि.स.को कार्यालयमा पत्राचार भएकोमा सो कार्यालयले च.नं. ४१ मिति २०७१।४।२८ को पत्रबाट धनमान थामी छलफलमा उपस्थित नभएको र छलफल हुँदा जग्गाधनी वेदकुमारी थापाले नै हाल जग्गा जोतभोग गरिरहेको भनी वडा सर्जमिनबाट खुलेको, यसअघिका फरक फरक बेहोराका लिखत पत्रहरू जे भए पनि माथि उल्लिखित जग्गाधनी वेदकुमारी थापाले जग्गा जोतभोग गरिरहेको बुझिन आएकोले सोही बेहोरा किटान गरी वडा सर्जमिन मुचुल्का पठाएको भनी जवाफी पत्र पठाएको देखियो । एकातर्फ प्रत्यर्थी वादी धनमान थामीलाई छलफलमा बोलाएको पुष्टि हुने प्रमाण पेस हुन सकेको देखिँदैन भने अर्कोतर्फ राम्चे गा.वि.स.ले पठाएको उक्त पत्रबाट अघि भएको सर्जमिन मुचुल्काको बेहोरा फरक पर्नुपर्ने स्पष्ट कारण खुलाउन सकेकोसमेत पाइँदैन । मिति २०७०।७।६ मा सर्जमिन हुँदा कि.नं. १७८ को जग्गामा कटेरो(मतान) रहेको भनी उल्लेख भएको देखिए पनि सोअगावै मिति २०६६।८।१२ मा भएको सर्जमिन मुचुल्कामा कुनै किसिमको टहरो, गोठ र घरबाससमेत रहे भएको देखिँदैन । उक्त जग्गामा पुनरावेदक/प्रतिवादीले बनाएको टहरो रहेको तथ्य पुष्टि हुने अन्य तथ्ययुक्त प्रमाण मिसिलबाट देखिँदैन । कुनै कामको सन्दर्भमा आधिकारिक निकायबाट तत्काल तयार गरिएको कानूनबमोजिमको कागजात उचित कारण र प्रमाणका आधारमा बदर नभएसम्म त्यस्तो कागजातको कानूनी अस्तित्व समाप्त भएको मान्न मिल्दैन । कि.नं.१७८ को जग्गाको सम्बन्धमा पहिले एउटा तथ्य खुलाइसकेपछि सोही कुरालाई असर पुग्ने गरी २०४२ सालमा खडा भएका अनुसूची नं.१, २ र ४ समेतका प्रमाणको विपरीत हुने गरी प्रत्यर्थी वादीले स्रेस्तामा मोही जनाइपाउँ

भनी मालपोत कार्यालय, सिन्धुपाल्चोकमा मिति २०६७।१।१६ मा निवेदन दिएपश्चात् मिति २०७०।७।६ मा खडा भएको पछिल्लो सर्जमिन मुचुल्कालगायतका कागजातहरूले कानूनी मान्यता पाउन नसक्ने हुँदा प्रमाणमा लिन नमिल्ने ।

कि.नं. १७८ को जग्गाको फिल्डबुक र जग्गाधनी प्रमाणपुर्जामा उल्लेख भएको क्षेत्रफल र अनुसूची १, २ र ४ मा उल्लेख भएको क्षेत्रफल फरक भएको अवस्थामा प्रत्यर्थी/वादी धनमान थामीलाई कि.नं. १७८ को जग्गामा मोही जनाउन नमिल्ने भनी लिएको जिकिरको सम्बन्धमा विचार गर्दा नापी कार्यालय, सिन्धुपाल्चोक चौताराबाट प्राप्त सिन्धुपाल्चोक जिल्ला, राम्चे गा.वि.स. ७ कि.नं. १७८ को जग्गाको फिल्डबुकमा जग्गाधनी चक्रबहादुर थापा बग्रेबारी उल्लेख भएको देखिन्छ। फिल्डबुक तयार हुनुभन्दा अघि खडा भएको अनुसूची नं. १ (मोहीको लगत) मा जग्गावाला चक्रबहादुर थापा जग्गा कमाउने धनमान थामी उल्लेख भई जग्गाको कित्ता नं. को महलमा बगरे खेत उल्लेख भएको, अनुसूची नं. २ मा जग्गावालाको महलमा चक्रबहादुर थापा, मोहीको नाम थर महलमा धनमान थामी तल्लो खण्ड गाउँ र कित्ता नं. मा बगरे खेत माटो उल्लेख भएको र अनुसूची नं. ४ (जोताहाको अस्थायी निस्सा) मा समेत जग्गावाला चक्रबहादुर थापाको बगरे खेत धनमान थामीले जोतिरहेको देखिएको भनी उल्लेख भएको देखिँदा उक्त अनुसूचीहरू अन्यथा प्रमाणित भएको नदेखिएको र भूमिसम्बन्धी नियमावली, २०२१ को नियम ९(३) ले अनुसूची नं. ४ (अस्थायी जोताहाको निस्सा) लाई मोहियानी हकको प्रमाणपत्रसरह मानेको हुँदा जग्गावाला चक्रबहादुर थापा रहेको बग्रेखेतको मोही धनमान थामी रहे भएको प्रस्ट हुने ।

पुनरावेदक/प्रतिवादी वेदकुमारी थापाको नाउँमा रहेको सिन्धुपाल्चोक जिल्ला, राम्चे गा.वि.स. स्थित विवादित कि.नं.१७८ बग्रेखेत जग्गाको अनुसूची नं. १, २ र ४ मा पुनरावेदकका पति चक्रबहादुर थापा जग्गावाला र जोताहामा प्रत्यर्थी/वादी धनमान थामीको नाम उल्लेख भएको, राम्चे गा.वि.स.बाट मिति २०६६।०८।१२ मा भएको सर्जमिन मुचुल्का, मिति २०६६।८।२३ को राम्चे गा.वि.स.को सिफारिसपत्रसमेतका आधारमा उक्त जग्गाको स्रेस्ताको मोही महलमा प्रत्यर्थी/वादी धनमान थामीको नाम जनाइदिने गरी सुरू मालपोत कार्यालय, सिन्धुपाल्चोकबाट भएको निर्णय सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब देखिन आएकोले पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर, निजको तर्फबाट लिइएको जिकिर एवं यस अदालतबाट मिति २०७४।०५।१६ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने।

पुनरावेदक/प्रतिवादी वेदकुमारी थापाको नाउँमा रहेको सिन्धुपाल्चोक जिल्ला, राम्चे गा.वि.स. वडा नं. ७ को कि.नं. १७८ को क्षेत्रफल ३-१-०-१ जग्गाको जग्गाधनी स्रेस्ताको मोही महलमा प्रत्यर्थी/वादी धनमान थामीको नामसम्म जनाइदिने ठहर गरी मालपोत कार्यालय, सिन्धुपाल्चोकबाट मिति २०७१।०९।१६ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०९।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर :- चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल कार्तिक २३ गते रोज ४ शुभम्।

४५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७२-CI-१५३५, अंश, फुलपतीयादेवी वि. रामाकान्त चौबेसमेत*

प्रथमत: पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीहरू एकासगोलका अंशियार हुन् वा अलग भिन्न भएका काका भतिजा नाताका व्यक्तिहरू हुन् भन्ने सम्बन्धमा विश्लेषण गरी हेर्नुपर्ने देखियो । वादीले फिराद दाबीमा दिएको नाता पुस्तामा जितु चौबेका चार जना छोराहरू भएको तथ्यलाई नखुलाई दुइ भाई मात्र भनी उल्लेख गरे पनि प्रतिउत्तरपत्रमा उल्लेख भएका मूल पुर्खा जितु चौबेका जेठा छोरा शिवधारी चौबे, माहिला सुबेदार चौबे, साहिला मन्सीफ चौबे तथा कान्छा रामधारी चौबे देखिन्छ । वादीहरू शिवधारी चौबेका छोराहरू र प्रत्यर्थी प्रतिवादी गौरी शंकर चौबे सुबेदार चौबेका छोरा भई अन्य प्रतिवादीहरू चन्द्रशेखर चौबे तथा दुःखमोचन भन्ने राधेश्याम चौबे प्रतिवादी गौरी शंकर चौबेका छोराहरू हुन् भन्ने तथ्यलाई दुवै पक्षले इन्कार गर्न सकेको अवस्था देखिँदैन । मूल पुरुष जितु चौबेको साहिँला छोरा मन्सीफ चौबे र कान्छा छोरा रामधारी चौबे अलग भई बसेको भन्ने तथ्यको सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १३९ नं. बमोजिम निजहरूलाई झिकाई बयान गराउँदा निजहरूले आफूहरू छुट्टिई अलग भिन्न भएको भनी सुरू अदालतसमक्ष बेहोरा लेखाएको देखिन्छ। उल्लिखित तथ्यबाट यी पुनरावेदक प्रतिवादीहरू र प्रत्यर्थी वादीहरू मूल पुरूष जितु चौबेको सन्तान दरसन्तान भई पुनरावेदक प्रतिवादी गौरी शंकर चौबे र प्रत्यर्थी वादीहरू रामाकान्त चौबे एवं श्यामाकान्त चौबे काका भतिजा भई अंशियार नाताभित्रकै व्यक्ति रहे भएको देखिने।

पुनरावेदक प्रतिवादीहरूले मिति २०३४।०९।२७ अगावै व्यवहार प्रमाणबाट प्रत्यर्थी वादीहरू छुट्टिई अलग भिन्न भएको भनी लिएको जिकिरको सन्दर्भमा विचार गर्दा २०२३ सालको सर्भे नापीमा पुनरावेदक प्रतिवादी गौरी शंकर चौबे र प्रत्यर्थी वादीहरूका पिता रामचलितर चौबेका नाउँमा अलग अलग नापी दर्ता भएको देखिन्छ । रामचलितर चौबेको नाउँमा रहेका जग्गाहरू वादीहरूले नामसारी गरी लिएको पनि देखिन्छ । तर पुनरावेदक प्रतिवादी गौरी शंकर चौबेले वादी रामाकान्त चौबे तथा श्यामाकान्त चौबेसमेतउपर मिति २०६५।१।१६ मा दिएको दे.नं. १४४० को अंश दर्ता मुद्दा र दे.नं. १४४१ को लिखत बदर मुद्दामा प्रस्तुत मुद्दाका प्रत्यर्थी वादीसमेतलाई विपक्षी बनाएको र एकासगोलका अंशियार भनी दाबी लिएको देखिन्छ । उल्लिखित लिखत बदर मुद्दामा दाबी लिएका जग्गामध्ये कि.नं. २५२ र ३६९ नं. का जग्गाहरू आफूले लिई अरूमा वादी दाबी छोडी उक्त जग्गा खरिदकर्ता हरि पट्टेलसँग मिति २०६५।७।५ मा मिलापत्र गरेको देखिन्छ । उल्लिखित अंश मुद्दाको अतिरिक्त पुनरावेदक प्रतिवादी गौरी शंकर चौबेले दिएका अन्य मुद्दाहरूसमेत अ.बं. ९२ नं. बमोजिम सोही मितिमा निजले फिर्ता लिएको देखिन्छ । त्यसै गरी पुनरावेदक प्रतिवादी गौरी शंकर चौबेका छोराहरू चन्द्रशेखर चौबे र दुःखमोचन भन्ने राधेश्याम चौबेले आफ्नो बाबु गौरी शंकर चौबेउपर दिएको दे.नं. १३०८ को अंश मुद्दामा वादी दाबीबमोजिम अंश पाउने गरी फैसला भएको देखिन्छ । सोही फैसलालाई बदर गरिपाउँ भनी प्रत्यर्थी वादीहरूले गरेको दाबीबमोजिम उक्त फैसला बदर हुने ठहऱ्याई सुरू तथा पुनरावेदन तहबाट भएको फैसला आज

यसै इजलासबाट सदर हुने ठहरी फैसला भएको ।

वादी तथा प्रतिवादीहरूका बिचको नाता सम्बन्धमा विवाद नदेखिएको, वादी प्रतिवादीहरूका बिचमा अंशबन्डा लिखत पारित भएको नदेखिएको र मिति २०३४।९।२७ मा मुलुकी ऐन, अंशबन्डाको महलमा सातौँ संशोधन हुनुअगावै व्यवहार प्रमाणबाट अलग भएको भन्ने तथ्य प्रमाणित हुन नसकेको तथ्य स्वयं पुनरावेदक प्रतिवादीकै आचरण, काम कारबाहीबाट पुष्टि भइरहेको देखिएको तथा अदालतमा चलेका मुद्दाहरू एवं अधिकार प्राप्त निकायमा रहेका लिखत प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीहरू एकासगोलका अंशियार रहेको भन्ने तथ्य स्थापित हुन आएकोले व्यवहार प्रमाणबाट अलग भएको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । वादी दाबीबमोजिम प्रत्यर्थी वादीहरूले पुनरावेदक प्रतिवादीबाट अंश पाउने ठहर गरेको सुरू अदालतको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मनासिबै देखिन आयो । वादीले अंश पाउने ठहर गरी दुवै तहबाट भएको फैसला उल्टी गरी इन्साफ गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा यस अदालतबाट मिति २०७२।११।२८ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधारसँगसमेत यो इजलास सहमत हुन नसक्ने ।

उल्लिखित तथ्य कानूनी अवस्था एवं विवेचनासमेतको आधारमा सुरू रौतहट जिल्ला अदालतबाट वादी दाबीबमोजिम २ भागको १ भाग अंश वादीले छुट्याइलिन पाउने ठहर गरी मिति २०७०।९।२५ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।१२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- नारायणप्रसाद चापागाई

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०८० साल असार १९ गते रोज ३ शुभम् ।

साथै निम्न लगाउका मुद्दामा यसैअनुसार फैसला भएको छ :

- ०७२-CI-१५३६, फैसला बदर, पुजाकुमारी वि. श्यामकान्त चौबे
- ०७२-CR-१६०५, किर्ते, चन्द्रशेखर चौबे वि. रामाकान्त चौबेसमेत
- ०७२-CI-१५३८, फैसला बदर, चन्द्रशेखर चौबे वि. रामाकान्त चौबेसमेत
- ०७२-CI-१५३७, अंशदर्ता, चन्द्रशेखर चौबे वि. रामाकान्त चौबेसमेत

**४६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७४-CI-११००, नामसारी बदर अपुताली हक कायम, केशवलाल खोसीसमेत वि. हेमलाल खोसी*

प्रथमत: प्रमाण मिसिलसमेत अध्ययन गर्दा, पिता हेमलाल खोसी र माता वदन्तीमाया खोसीबाट जन्मेका यी वादी ४ छोराहरू र मातापितासमेत बिच मिति २०५२।०४।१९ मा र.नं.३४६ बाट अंशबन्डा भई अलग अलग बसी आएको कुरामा वादी प्रतिवादीको मुख मिलेकै देखियो । सो मिति २०५२।०४।१९ मा भएको अंशबन्डाबाट प्रतिवादी हेमलाल खोसी र निजकी पत्नी वदन्तीमाया खोसीको भागमा जिल्ला ललितपुर, ललितपुर महानगरपालिका, वडा नं.१३ मा रहेको वादीले दावी गरेको कि.नं.४२८ को क्षेत्रफल ०-२-२-२ को जग्गा र सो जग्गामा बनेको घर अंश भागमा परी

संयुक्त नाममा रही पति पत्नीसँगै बसेको देखिन्छ। मिसिल संलग्न सो अंशबन्डाको लिखत अवलोकन गर्दा, अंशबन्डाको बेहोरामा *"हामी अंशियारबिच नरम करम मिलाई अंश भागमा परी राजी खुसीबाट अंश भाग लगाई अन्य बन्डा गर्नुपर्ने अचल सम्पत्ति केही पनि नभएको, भए पत्ता लगाउनेले एकलौटी गरी खाने"* उल्लेख गरी लिखत रजिस्ट्रेसन पारित भएको पाइन्छ। सो बन्डापत्रअनुसार वादी प्रतिवादीका ६ अंशियारहरू रहेका र बन्डापत्रको तपसिल खण्डको पहिलो प्रकरणमा हेमलाल खोसी र वदन्तीमाया खोसीका भागमा परेका जग्गा भनी विवादका कि.नं.४२८ को जग्गा र घर उल्लेख भएको देखिन्छ । यसरी निज अंशियारहरूको अलग अलग बन्डा नगरी एकै ठाउँमा संयुक्त रूपमा अंश भाग रहने गरी अंशबन्डा भएको देखिएकाले प्रतिवादी हेमलाल खोसी र वदन्तीमाया खोसी छुट्टीभिन्न भएका अंशियार हुन् भन्ने वादीहरूको जिकिरसँग सहमत हुन सक्ने अवस्था देखिँदैन । उपर्युक्तानुसार पारित बन्डापत्रको लिखतबाट समेत वादीको आमा स्वर्गीय वदन्तीमाया र प्रतिवादी बुबा हेमलाल खोसी अलग अलग भिन्न भई बसेको भन्ने देखिँदैन । अंशबन्डापश्चात् पनि निजहरू अंशभागसँगै राखी सगोलमा बसेको देखिने।

वस्तुत: स्व.वदन्तीमायाको अपुताली कसले पाउने भन्ने सम्बन्धमा विचार गर्दा यससम्बन्धी रहेको कानूनी व्यवस्थाको अवलोकन गर्नु सान्दर्भिक देखिन्छ। साविक मुलुकी ऐन, स्त्री अंशधनको ५ नं. ले *"स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन् । ऊ मरेपछि यसले खानु भनी लिखत गरिदिएको रहेछ भने लिखतैबमोजिम हुन्छ । लिखत रहेनछ भने सँग बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएको छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहित छोरीले र निजहरू पनि नभए हकवालाले पाउँछन्"* *भनी गरेको र आमा वन्दीमायाको मिति २०७२।२।९ मा मृत्यु भएको र लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा २०७२।६।१४ मा मात्र संशोधित भएको हुँदा मुलुकी ऐन, अपुतालीको १० नं. प्रस्तुत मुद्दा दायर हुनुभन्दा अगावै खारेज भइसकेको देखिने।*

*२०५२ सालको बन्डापत्रबाट हेमलाल खोसी र वदन्तीमाया एवं वादीहरूसमेत अंशबन्डा भई प्रतिवादी स्व.वदन्तीमायाले दुवैको संयुक्त नाममा रहने गरी सम्पत्ति राखेको र सगोलमै सम्पत्ति राखी बसेको देखिन्छ । यस्तोमा वदन्तीमायाको मृत्युपश्चात् प्रतिवादी हेमलाल खोसीले आफ्ना नाममा नामसारी गरेको कार्यलाई अन्यथा मान्नुपर्ने देखिएन । अपुतालीको सम्बन्धमा एक पटक हक छाडी कागज गरिदिने र स्याहार सम्भार नगर्नेलगायतका आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दाबी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्न खोज्नुलाई स्वाभाविकसमेत मान्न मिल्ने देखिएन । साथै पुस्ताको हिसाबले पनि लोग्ने स्वास्नी समान पुस्तामा पर्छन् भने छोरा दोस्रो पुस्तामा पर्न जाँदा अपुताली पहिला समान पुस्तामा र त्यसपछि मात्र दोस्रो पुस्तामा जाने नै देखिने।*

*दावी कित्ताका जग्गाहरूमा वादीहरूको हक कायम हुनसक्ने नदेखिँदा मालपोत कार्यालय,*

*ललितपुरको मिति २०७२।०९।१६ को नामसारी निर्णय कानून प्रतिकूल रहेको नदेखिएकाले वादी दाबी नपुग्ने ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७३।१०।०४ मा भएको फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत पाटनबाट मिति २०७४।०७।२७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।*

इजलास अधिकृत - नारायणप्रसाद चापागाई

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७९ माघ १८ गते रोज ४ मा शुभम्।

साथै निम्न लगाउका मुद्दाहरूमा यसैनुसार फेसला भएको छ।

- ०७४-CR-१६२१, जालसाजी, केशवलालसमेत वि. हेमलाल खोसीसमेत
- ०७४-CI-१०९९, शेषपछिको बकसपत्र लिखत बदर, केशवलाल खोसीसमेत वि. हेमलाल खोसीसमेत

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७८-WO-०९५९, उत्प्रेषणयुक्त परमादेशसमेत, कृष्णबहादुर अधिकारी वि. उच्च अदालत, पाटन हरिहरभवन ललितपुरसमेत*

साथै भ्रष्टाचारको मुद्दाको फैसला कार्यान्वयन गरेपछि बाँकी रहेको सम्पत्ति वा नगद के हुने भन्ने सम्बन्धमा समेत विचार गर्नुपर्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा विपक्षी मोहन शाहनीले भ्रष्टाचार मुद्दाको बिगो भराई बाँकी रहेको रकम काठमाडौं जिल्ला अदालतको धरौटी खातामा रहेको भन्ने देखिन्छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ को उपदफा (८) ले "सम्पत्ति लिलाम बिक्री गर्दा बिगोभन्दा बढी रकम प्राप्त भएमा अदालतले त्यसरी बढी रकम बिगो बुझाउने पक्ष उपस्थित भए निजलाई तुरुन्त फिर्ता गर्नुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सोही कानूनी व्यवस्थासमेतका आधारमा विपक्षी मोहन शाहनीले भ्रष्टाचार मुद्दामा राखेको जेथा लिलामीबाट फैसलाबमोजिम बिगो भराई बाँकी रहेको निजले फिर्ता पाउने रकम काठमाडौं जिल्ला अदालतमा धरौटको रूपमा रहेको रु.६,७९,४१,०७३।०२ (छ करोड उनासी लाख एकचालिस हजार त्रिहत्तर रुपियाँ दुई पैसा) र बिगो असुलीको क्रममा लिलाम भएबाहेकका भ्रष्टाचार मुद्दामा राखिएको अन्य रोक्का जग्गा प्रस्तुत मुद्दाको रोहबाट फुकुवा गरी लिन पाउने देखिएकोले मिति २०७८।०९।२३ मा काठमाडौं जिल्ला अदालतबाट आदेश भएकोमा सो आदेश सदर गर्ने गरी मिति २०७८।११।१२ मा उच्च अदालत पाटनबाट भएको आदेश मनासिब नै देखिने।

ऋण असुली न्यायाधिकरणको मुद्दा नं. १०१-०६३-१८३४ मा विपक्षी ऋणी विष्णुप्रसाद थापासमेतले हायरपर्चेज कर्जाअन्तर्गत वादी नेपाल बैंकको नाममा रहेको ना.अ.नं. १४६५ र १४६६ को गाडीहरूको हालको अवस्था र मूल्याङ्कनको विवरण, बैंकले आफ्नो कब्जामा लिई बिक्री गर्न गरिएको प्रयासको विवरण पेस गर्नु भनी मिति २०६६।०३।१५, मिति २०६७।०१।२९ मा ऋण असुली न्यायाधिकरणबाट आदेश भएको देखिन्छ। नेपाल बैंक लिमिटेडले २०६०।०८।२३ मा कर्जा असुलउपर गर्नुपर्ने भएकोले वीरगन्ज जिल्लाको ट्राफिक प्रहरी कार्यालयमा आवश्यक पत्राचार गरी गाडी कब्जामा लिने व्यवस्था मिलाई जानकारी प्रदान गरिदिन नेपाल बैंक लिमिटेडको क्षेत्रीय कार्यालय, कर्जा लगानी विभाग, नेपालगन्जलाई पत्र लेखेको मिसिल संलग्न कागजातबाट देखिन्छ। सो

गाडी खोजतलास गरिदिनु भनी पत्राचार भएकोमा गाडीको अवस्था र जानकारीका सम्बन्धमा सम्बन्धित निकायबाट कुनै पनि पहल भएको नभएको वा थप कुनै पहल भएको भन्ने मिसिल प्रमाणबाट देखिँदैन । तसर्थ प्रमुख ऋणीहरूबाट ऋण असुलीको कानूनी प्रक्रिया अवलम्बन गरी ऋणीको सम्पत्तिबाट ऋण असुलउपर नभएमा मात्र जमानीकर्ता विपक्षी मोहन शाहनीको सम्पत्तिबाट दाबीको ऋण जमानीकर्ताको जमानीको हदसम्म सीमित गरी असुलउपर गर्न मिल्ने देखिन्छ । उपर्युक्त दुवै ऋणीको सम्पत्तिबाट असुलउपर गर्ने कुनै प्रक्रिया गरेको मिसिल संलग्न कागजातबाट नदेखिने ।

निवेदक नेपाल बैंक लिमिटेडले विपक्षी मोहन शाहनीको भ्रष्टाचार मुद्दामा राखेको जेथा लिलामीबाट फैसलाबमोजिम भराइपाउने सम्पूर्ण बिगो रकम भुक्तानी पाई बाँकी रहेको काठमाडौं जिल्ला अदालतको धरौटी खातामा जम्मा हुन आएको रु.७,०४,४८,५४६।०२ मध्ये बिगो नं. १७९८ को चेक अनादर मुद्दाबाट पछि ठहरेबमोजिम हुने गरी हाललाई रु.२५,०७,४७३।– (पच्चिस लाख सात हजार चार सय त्रिहत्तर रूपियाँ) रोक्का राखी बाँकी हुने धरौटी रकम रु.६,७९,४१,०७३।०२ (छ करोड उनासी लाख एकचालिस हजार त्रिहत्तर रूपियाँ दुई पैसा) प्रतिवादी मोहन शाहनी वा निजले कानूनबमोजिम मन्जुरनामा दिई पठाएको व्यक्तिलाई नियमानुसार भुक्तानी दिनु र सर्वोच्च अदालतबाट मिति २०७३।०७।२२ मा भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंको फैसला सदर हुने गरी फैसला भएको देखिँदा उक्त मुद्दामा विवादमा रहेका नेपाल बैंक लिमिटेडले कर्जा सुरक्षणको लागि रोक्का राखेका जग्गाहरूमध्ये सो बैंकबाट कर्जा असुलीको क्रममा लिलाम भएका र काठमाडौं जिल्ला अदालतबाट बिगो असुलीको क्रममा लिलाम भएबाहेकका अन्य रोक्का जग्गा प्रस्तुत मुद्दाको रोहबाट रोक्का राख्न नपर्ने भएकोले उक्त मुद्दामा लिलाम भई बाँकी रहेका जग्गा प्रस्तुत मुद्दाको रोहबाट फुकुवा गरिदिनु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०९।२३ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।११।१२ मा भएको आदेश कानूनअनुरूप नै रहेकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिएन । निवेदन जिकिर र निजको तर्फबाट कानून व्यवसायीले लिनुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०९।२३ मा भएको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७८।११।१२ को आदेश कानूनअनुरुप नै रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - हिरा माया अवाल

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल जेठ १२ गते रोज ६ शुभम् ।

**४८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-CR-०२९३, जबरजस्ती करणी, नेपाल सरकार वि. नविन चर्माकार*

प्रतिवादी नविन चर्माकारले नाबालिका छोरीलाई ललाइफकाइ अन्तिमपटक मिति २०७४।०९।१२ गते पनि जबरजस्ती करणी गरी गर्भधारणसमेत गराएको हुँदा प्रतिवादीलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । पीडित

परिवर्तित नाम ०८ पाख्रिबास (क) को घटना विवरण कागजात तथा सुरू अदालतमा गरेको बयान बेहोरा, प्रतिवादीले पीडितलाई करणी गरेको तथ्यमा साबित रही अधिकारप्राप्त अधिकारी र सुरु जिल्ला अदालतसमक्ष गरेको बयान, जाहेरवालाले सुरू अदालतमा उपस्थित भई गरिदिएको बकपत्र तथा मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रतिवादी नविन चर्माकारले पीडित परिवर्तित नाम ०८ पाख्रिबास (क) लाई पटकपटक करणी लिनुदिनु गरेको तथ्य स्थापित हुन आएको देखिने।

करणी कार्यमा महिलाको सहमति अनिवार्य तत्त्वको रूपमा लिइन्छ । साथै करणीको सहमति दिन सक्ने उमेरसमेतको कानूनी व्यवस्था मान्य विधिशास्त्रको रूपमा अङ्गीकार गरेको पाइन्छ । सहमति दिनसक्ने उमेर करणी विषयको महत्त्वपूर्ण पक्षको रूपमा रहे भएको पाइन्छ । हाम्रो मुलुकको सन्दर्भमा पनि के कस्तो अवस्थामा भएको करणीलाई जबरजस्ती करणीको कसुर मान्ने वा के कस्तो अवस्थालाई सहमतिपूर्ण करणी मान्ने भन्ने सम्बन्धमा मुलुकी ऐन, जबरजस्ती करणीको महलमा व्यवस्था गरिएको पाइन्छ । उक्त महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ" भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ भने सोही नम्बरको स्पष्टीकरणको खण्ड (क) मा "डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन" भन्ने, खण्ड (ख) मा "होस ठेगानमा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन" भन्ने तथा खण्ड (ग) मा "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने छ" भन्ने कानूनी व्यवस्था गरेको पाइने।

प्रतिवादी नविन चर्माकार र पीडित परिवर्तित नाम ०८ पाख्रिबास (क) बिच सहमतिमा नै करणी लिनुदिनु गरेको भनिए तापनि पीडित परिवर्तित नाम ०८ पाख्रिबास (क) को उमेर वारदातको समयमा उमेर १४ वर्षको रहेको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिएको अवस्थामा वारदातको समयमा पीडित परिवर्तित नाम ०८ पाख्रिबास (क) को उमेर सोह्र वर्षभन्दा कम उमेरको बालिका रहेको तथ्य स्थापित भएको अवस्थामा प्रतिवादीले पीडितको मन्जुरी लिई करणी गरिएको देखिए तापनि उल्लिखित कानूनी व्यवस्थाको रोहमा प्रतिवादीबाट भए गरेको कार्य कानूनविपरीतको देखिन आएको पाइन्छ । अतः प्रतिवादी नविन चर्माकारलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीत करणी गरेको कार्य पुष्टि भएकोले निजलाई मुलुकी ऐन, जबरजस्तीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद सजाय हुने तथा ऐ.को १० नं. बमोजिम रु.२५०००।- क्षतिपूर्ति प्रतिवादीबाट पीडितले भराइपाउने ठहऱ्याई उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

पीडित परिवर्तित नाम ०८ पाख्रिबास (क) ले मौकामा र अदालतमा बयानमा गर्दासमेत प्रतिवादीसँग सहमतिमा नै पटकपटक करणी भएको र करणी लेनादेनाको क्रममा नै गर्भ रहन गएकोसमेतको अवस्थामा उक्त नाबालकसँगको सहमतिलाई सहमति नमानिएको अवस्था रहे भएको

हुँदा गर्भवती महिलालाई जबरजस्ती करणी गरेको भनी प्रतिवादी नविन चर्माकारलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३क. नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट भएको फैसला कानूनसम्मत नै रहेको देखिन आयो। यसर्थ यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिएका आधार र कारणसँग यो इजलास सहमत हुन नसक्ने।

सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०७५।०१।२३ मा भएको फैसलालाई सदर हुने ठहर गरी उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - उदवीर नेपाली

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० श्रावण २२ गते रोज २ शुभम्।

### ४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CR-०८४०, जालसाजी, लक्ष्मण थारू वि. शारदाप्रसाद शर्मा घिमिरेसमेत*

भूमिसम्बन्धी ऐन, २०२१ हेर्दा, सो ऐनको दफा ५५(१) मा सो ऐनअन्तर्गतको अधिकार प्रयोग गरी जिल्ला अदालत वा तोकिएको अधिकारी वा समिति वा संस्थाले गरेको निर्णयउपर पैँतिस दिनभित्र उच्च अदालत (तत्कालीन पुनरावेदन अदालत) मा पुनरावेदन लाग्ने छ भन्ने कानूनी व्यवस्था देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५(१) बमोजिम जिल्ला मोहियानी समितिले र ऐ. दफा ५५(२)(१) बमोजिम भूमि सुधार अधिकारीले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले सोही कानूनी व्यवस्था अनुसार तत्कालीन पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने अवस्था छँदाछँदै वादीले विशेष ऐनको उल्लिखित उपचारको मार्ग अवलम्बन नगरी आकर्षित नै हुन नसक्ने मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. बमोजिम जालसाजीतर्फ दाबी लिई फिराद दाबी गरेको देखियो। वस्तुतः कुनै तरहसँग अर्काको हक मेट्ने, हदम्याद तारेख जाने वा अन्य कुनै तरहसँग नोक्सान पुऱ्याउने उद्देश्यले नभए नगरेको झुट्टा बेहोराले कागज गरेमा जालसाजी ठहर्ने हो । तर प्रस्तुत मुद्दामा कानूनबमोजिम गठित निकायले कानूनले दिएको अख्तियारी प्रयोग गरी तोकिएको प्रक्रिया अवलम्बन गरी अर्धन्यायिक प्रकृतिको मोही लगत कट्टाको निर्णय भएकोमा पक्षले नभए नगरेको बेहोरा लेखाएको भए सो निर्णयउपर पुनरावेदन गर्ने कानूनी मार्ग हुँदाहुँदै सो उपाय अवलम्बन नगरी जालसाजीतर्फ लिएको फिराद दाबी प्रथम दृष्टिमा नै कानूनसम्मत र जालसाजीसम्बन्धी विधिशास्त्रीय मान्यताअनुकूलसमेत देखिने ।

प्रस्तुत मुद्दाको फिराद मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. को हदम्यादभित्रसमेत परेको देखिँदैन। वादीले प्रस्तुत मुद्दामा मोहियानी समितिको मिति २०४५।१।२४ को निर्णय र भूमि सुधार कार्यालय दाङ्गका भूमि सुधार अधिकारीको मिति २०६१।२।८ को मोहि लगत कट्टा गर्ने निर्णयउपर मिति २०६७।३।२५ मा प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिन्छ। जिल्ला मोहीयानी समितिको निर्णय हुँदाका बखत तत्काल कायम रहेको मुलुकी ऐन किर्ते कागजको महलको १८ नं. अनुसार जालसाजीतर्फ भए गरेको मितिले २ वर्षभित्र फिराद दायर गर्नुपर्ने कानूनी व्यवस्था रहेको एवम् उक्त कानूनी व्यवस्था मिति २०५९।५।२७ मा अदालत व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधित भई काम भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र नालेस दिनुपर्ने गरी हदम्याद तोकिएकोमा फिराद लेखबाटै वादीले मोही लगत कट्टासम्बन्धी भूमि सुधार कार्यालय, दाङको मिति २०६१।२।८ को निर्णय मिति २०६६।९।९ मा प्रतिलिपी उतार गरी थाहा पाएको भन्ने देखिएकोमा सो मितिले ऐनले तोकेको छ महिनाको हदम्याद नघाई मिति २०६७।३।२५ मा मात्र प्रस्तुत मुद्दाको फिराद पत्र दायर गरेको देखिँदा हदम्याद नघाई दायर हुन आएको फिरादपत्रको तथ्यमा प्रवेश गरी इन्शाफ गर्नुपर्ने अवस्था देखिन आएन। ऐनले तोकेको हदम्याद नघाई दायर हुन आएको फिराद पत्र खारेज हुनुपर्ने देखिने।

तत्कालीन पुनरावेदन अदालत तुलसीपुरले तथ्यमा प्रवेश गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरु फैसला बदर गरी फिराद खारेज गर्नुपर्नेमा सुरू सदर गरेको हदसम्म मिलेको नदेखिए तापनि यसबाट इन्साफमा तात्त्विक अन्तर परेको नदेखिएकाले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।०८।१४ को फैसला सदर हुने।

इजलास अधिकृत - हिरा डंगोल
कम्प्युटर :- सरस्वती दाहाल
इति संवत् २०७८ साल पौष १ गते रोज ५ शुभम्।

५०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CI-००९३, भूकम्प बिमा दाबी, नुरप्रकाश प्रधान वि. रत्न शाह शाही*

वादीले माछापुच्छ्रे बैंकबाट मिति २०७१।०४।२१ (तदनुसार सन् २०१४ अगस्ट ६) मा जम्मा रु. २३ लाख कर्जा लिएको देखिन्छ। उक्त कर्जाको सुरक्षणबापत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ को कि.नं. ४९३ को जग्गामा २१/२ बनेको घर माछापुच्छ्रे बैंकमा राखेको र उक्त बैंकबाट कर्जा लिएको देखिन्छ। सो ऋणको साँवा तथा ब्याज भुक्तानीको लागि आफ्नो आम्दानीको स्रोत देखाउँदा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३४ को भिमसेन गोला स्थित कि.नं. ३१२, ३१४ र ३१६ मा निर्मित घर जग्गा बहाल स्रोतको रूपमा देखाएको पाइन्छ। बैंकले कर्जा प्रवाह गर्दा कर्जाको सुरक्षणबापत राखिएको घरको बिमा गराउने हुँदा बैंकको नियम अनुसार उक्त घरको बिमा गरिएको भन्ने देखिन्छ। विपक्षी वादीले बैंकबाट जम्मा २३ लाख कर्जा लिएकोमा बिमाङ्क रकम रु.२३ लाख कायम गरी माछापुच्छ्रे बैंक बिमित हुने गरी मिति २०७१।०४।२१ (तदनुसार सन् २०१४ अगस्ट ६) मा जम्मा १ वर्षको लागि मिति २०७१।०४।२१ (तदनुसार सन् २०१४ अगस्ट ६) देखि मिति २०७२।०४।२० (तदनुसार सन् २०१५ अगस्ट ५) सम्मको अवधिको लागि बिमा गरिएको भन्ने देखिन्छ। यसरी विपक्षी वादीले माछापुच्छ्रे बैंकबाट रू. २३ लाख कर्जा लिएबापत माथि उल्लिखित जग्गाहरू उक्त बैंकमा राखिएको र बैंकले बैंकको नियम अनुसार उक्त घरको बिमा गरिएको तथ्यमा विवाद देखिने ।

बिमा लेखमा पहिले लेखिएको ठाउँमा मेटाई हातले लेखी लेखिएको ठाउँमा विधिवत् हस्ताक्षर गरिएको र कम्पनीको छापसमेत लागेको देखिन्छ । लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीका नायब प्रबन्धक हाङमा सुब्बा भनी नाम उल्लेख गरी कम्पनीको तर्फबाट निमित्त भई आधिकारिक दस्तखत भनी गरिएको दस्तखत र बिमा गरिएको सम्पत्ति हातले लेखिएको स्थानमा गरेको दस्तखत एउटै देखिन्छ । बिमित माछापुच्छ्रे बैंकले मिति २०७३।१०।२६ मा पेस गरेको सक्कल बिमालेखमा गरिएको हस्ताक्षर र पुनरावेदक लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीले मुद्दा दोहोऱ्याइपाउँ भन्ने निवेदनसाथ मिति २०७४।०७।१७ मा पेस गरेको सक्कल बिमा लेखको फोटोकपी हेर्दा उक्त दुवै बिमा लेखमा कम्पनीको तर्फबाट गरिएको

हस्ताक्षर एकआपसमा मिलेको देखिन्छ । यसरी विपक्षी वादी तथा पुनरावेदक प्रतिवादीको तर्फबाट पेस भएको बिमा लेखमा उल्लिखित सम्पत्तिको विवरण फरक देखिएको भए तापनि दुवैमा कम्पनीको तर्फबाट गरिएको हस्ताक्षर एउटै व्यक्तिको हो भन्ने स्पष्ट देखिन्छ । मिति २०७१।०४।२१ (तदनुसार सन् २०१४ अगस्ट ६) को दुवै बिमा लेखमा एउटै मिति, एउटै समय, एउटै रसिद नं., र एउटै बिमा रकम उल्लेख भएको देखिन्छ। लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, धुम्बाराही प्रगती मार्ग वडा नं. ४ को कि.नं. ४९३ को २१/२ तले घरको बिमा भएको भनी उल्लेख भए पनि सो स्थानमा घर भएको भन्ने मूल्याङ्कन प्रतिवेदनबाट नदेखिँदा नभएको घरको बिमा गरेको भन्ने देखिन आएन । बिमा ऐन, नियम अनुसार जग्गा मात्र भएको स्थानको बिमा गराउने भन्ने विषय सम्बद्ध कानून र बिमासम्बन्धी मान्य सिद्धान्तलेसमेत स्वीकार गरेको देखिएन। माछापुच्छ्रे बैंक लिमिटेडको पत्रसाथ सक्कल प्राप्त बिमालेखमा काठमाडौं महानगरपालिका, भिमसेनगोला, वडा नं. ३४ को कि.नं ३१२, ३१४ र ३१६ को २१/२ तले घरको बिमा भएको भनी कम्पनीको छाप र दस्तखतसमेत भएको हुँदा सोही घरको बिमा भएको मान्नुपर्ने ।

पुनरावेदक प्रतिवादीले बिमितबाट पेस भएको बिमा थपघट गरेको, केरमेट भएको तथा टिपेक्स लगाएको भनी र संसोधनसमेत नगरेको भन्ने जिकिर लिएको भए तापनि सोतर्फ निजले कानूनी कारबाही गरेको अवस्था देखिन आएन । साथै बिमित बैंकको तर्फबाट पेस भएको सक्कल बिमालेख र त्यसमा लागेको सही, कम्पनीको छापलाई अन्यथा हो भन्न सकेको अवस्थासमेत देखिन आएन । पुनरावेदक प्रतिवादीले बिमित सम्पत्तिको संशोधन गर्न बिमकसमक्ष कुनै निवेदन नदिएको र उक्त मितिमा विपक्षी वादीले दाबीबमोजिमको घरको नभई अर्कै घरको बिमा गरेका हुन् भनी जिकिर लिएकोमा उक्त जिकिर निज स्वयम्ले प्रमाणित गर्नुपर्नेमा सो प्रमाणित गर्न सकेको नदेखिँदा निवेदक वादीको दाबीबमोजिमको बिमा भुक्तानी दिनुपर्ने होइन भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

वादीको क्षति भएको घरको क्षतिको मूल्याङ्कन गरी बिमाबापत क्षतिपूर्ति दिनुपर्ने ठहर गरी भएको उच्च अदालत पाटनको मिति २०७४।०१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सरिता रिजाल

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल साउन २४ गते रोज ४ शुभम्।

**५१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०६७-CR-००९६, सरकारी पर्ती जग्गा दर्ता गराई भ्रष्टाचार गरेको, नेपाल सरकार वि.चिरञ्जिवी भण्डारीसमेत*

प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम र प्रतिवादीहरू कीर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेलले ९३-२-३-० जग्गा बनावटी प्रमाणहरू खडा गरी आफ्नो आफ्नो नाममा दर्ता गराई नेपाल सरकारलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ पुऱ्याएको पुष्टि भएको हुँदा प्रतिवादीत्रयलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भएकोमा सुरू विशेष अदालत काठमाडौंले प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीका हकमा माल तथा मालपोत निर्देशिकाको व्यवस्थाले जग्गा दर्ता गर्दा विभागीय स्वीकृति लिन अनिवार्य नगरेको तथा निजले नवलपरासी जिल्ला

वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको मिति २०४५।९।३० को पत्रका आधारमा जग्गा दर्ता गर्ने निर्णय गरेको भन्नेसमेत आधारमा अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको देखिन्छ । तथापि मालपोत कार्यालय नवलपरासीबाट कि.नं. ९९ को जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्ने निर्णय मिति २०५५।१२।२५ मा भएको देखिएको र सोबखत कायम रहेको छुट जग्गा दर्ता कार्यनीति, २०५४ ले पर्ती जनिएका छुट जग्गा दर्ता निर्णय गर्दा विभागीय सहमति लिन अनिवार्य गरेको देखिएकोमा मालपोत कार्यालयबाट निर्णय हुँदा त्यस्तो सहमति लिएको नदेखिएको एवम् निज प्रतिवादीले उक्त निर्णय सरकारी सार्वजनिक जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता गरी नेपाल सरकारलाई गैरकानूनी हानि र अन्य प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियतले गरे गराएको देखिन आई अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको तथा अन्य प्रतिवादीहरू किर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेलले आफूलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियत राखी घरसारको राजीनामाको लिखतलगायतका बनावटी प्रमाण खडा गरी मिति २०५५।१२।२५ मा मालपोत कार्यालय कावासोती नवलपरासीबाट साबिक कि.नं. ९९ बाट प्रतिवादीहरू किर्तिनाथ चालिसेका नाममा ४०-०-०-०, लोकनाथ सापकोटाका नाममा २७-३-२-० र लक्ष्मीप्रसाद पौडेलका नाममा २६-०-०-० जग्गा दर्ता गर्ने निर्णय गर्न गराउन मद्दत गरेको पुष्टि हुन आएकाले प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू विशेष अदालत काठमाडौंको मिति २०६६।१०।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबमोजिम प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीले तत्काल कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) एवम् प्रतिवादीहरू किर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेलले तत्काल कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको ठहर्छ ।

सजायको हकमा प्रतिवादीहरूउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ दुवै कानूनी व्यवस्थाअन्तर्गत अभियोग दाबी लिएको देखिएको र यस स्थितिमा जुन कानूनबमोजिम कम सजाय हुन्छ सोही कानूनबमोजिम सजाय गर्नुपर्ने फौजदारी न्यायको मान्यता एवम् प्रचलित कानूनी व्यवस्थासमेत रहेको हुँदा प्रतिवादीहरूलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिमको सजाय हुनुपर्ने देखियो । जस अनुसार प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीका हकमा सो ऐनको दफा ७(१) अनुसार एक वर्षदेखि तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने र अन्य प्रतिवादीहरूका हकमा ऐ. दफा ८ बमोजिम तीन महिनादेखि तीन वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने तथा ऐ. दफा २९ बमोजिम बिगो असुल गरिने कानूनी व्यवस्था भएकोमा प्रतिवादीहरूउपर बिगो दाबी लिएको नदेखिँदा सोतर्फ बोलिरहनु परेन । अन्य सजायको हकमा प्रतिवादीहरू हाल ८० वर्ष उमेर कटिसकेको देखिएका, निजहरूको शारीरिक अवस्था तथा कसुर गर्दाको परिस्थिति, कसुर गर्दाको समयदेखिको लामो समयान्तर, कसुरको गम्भीरता तथा कसुरदारको दोषको मात्रासमेतका अवस्थालाई विचार गर्दा निजहरूलाई कैदको सजाय गर्न मनासिब नदेखिएकाले प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ७(१) र २९(२) बमोजिम रु.५०००। (पाँच हजार रूपियाँ) तथा अन्य प्रतिवादीहरू किर्तिनाथ चालिसे,लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेललाई ऐ. दफा ८ र २९(२) बमोजिम जनही रु.४०००।- (चार हजार रूपियाँ) जरिवाना हुने तथा साबिक नवलपरासी

जिल्ला गैँडाकोट वडा नं १(क) को साबिक कि.नं. ९९ को ९३-२-३-० जग्गा प्रतिवादीहरू किर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेलका नाउँमा कायम गरेको मालपोत कार्यालय कावासोतीको मिति २०५५।१२।२५ को दर्ता निर्णय मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ३०५(२) बमोजिम बदर भई सो जग्गा सरकारी सार्वजनिक कायम हुने ।

साथै, मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (३) अनुसार सरकारी र सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित मालपोत कार्यालयको हुने देखिँदा साबिक कि.नं. ९९ बाट प्रतिवादीहरूको नाउँमा कायम भएको दर्ता तथा निजहरूबाट अन्य जोसुकै व्यक्तिका नाउँमा तह तह हस्तान्तरण भई गएको भए सोसमेत दूषित र स्रोतविहीन भई बदर हुने देखिँदा साबिक कि.नं. ९९ को नक्साबमोजिमको चार किल्लाभित्रको ज.रो.९३-२-३-० जग्गाको व्यक्तिको नाउँको दर्ता बदर गरी सरकारी सार्वजनिक कायम गरी अभिलेख अद्यावधिक गर्ने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ३०४ र ३०६ अनुसार आफ्नो क्षेत्रभित्रका सरकारी सामुदायिक सम्पत्तिको हेरचाह र संरक्षण गर्ने जिम्मेवारी स्थानीय प्रशासन तथा स्थानीय तहको देखिँदा साबिक कि.नं. ९९ को उल्लिखित सार्वजनिक जग्गामा वन, वाटिका, सार्वजनिक उद्यान बनाई आवश्यक संरक्षण र हेरचाह गर्नु भनी सम्बन्धित मालपोत कार्यालय, स्थानीय प्रशासन तथा सम्बन्धित स्थानीय तहका नाममा समेत विशेष निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत - हिरा डगोल/सदिक्षा नेपाल
कम्प्युटर - चन्द्राबती तिमल्सेना
इति संवत् २०७९ चैत १३ गते रोज २ शुभम् ।

## इजलास नं.११

### ५२

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-१८३२, कुटपिट अङ्गभङ्ग, राम एकवाल पञ्जियार वि. विन्देश्वर महतो कोइरीको जाहेरी नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले मौकामा फरार रही अभियोग दायर भएपश्चात् अदालतबाट जारी भएको म्यादमा अदालतमा हाजिर भई बयान गर्दा आफूहरूले जाहेरवालालाई कुटपिट नगरेको, जाहेरवाला आफैँ लडी हात भाँचिएको, चोट लागेको भनी इन्कारी बयान गरेको देखिए तापनि जाहेरवालासँग खेतको आलीको जग्गाको माटो काट्ने विषयमा विवाद भएको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीहरूका साक्षी राम सुदिष्ट साह र प्रमोद राउतसमेतले प्रतिवादीहरूले जाहेरवालालाई कुटपिट नगरेको भनी बेहोरा लेखाए पनि जाहेरवाला र यी प्रतिवादीहरूबिच पहिलादेखि नै आलीको विवाद रहेको थियो भनी अदालतमा उपस्थित भई निज साक्षीहरू राम सुदिष्ट साह र प्रमोद राउतसमेतले बकपत्र गरेको पाइन्छ । घटना विवरण कागज गर्ने सुरेश महतो कोइरीले एकै ठाउँमा जग्गाको साँध रहेकोले आलीमा माटो थपेको रिसइवी लिई राम एकवाल पञजियारले वचन दिई विरेन्द्र पञ्जियारले बाँसको लाठीले प्रहार गरेको र सो प्रहारबाट बायाँ हात भाँचिएको भनी बेहोरा लेखाइदिएको देखिन्छ । मौकामा बुझिएका रामवृक्ष महतोले आफू वारदातस्थलको बाटो हुँदै काम विशेषले हिँड्दै पुगेको अवस्थामा उनीहरूको साँधको आलीमा मोटो थपेको विषयमा विवाद परिरहेकोमा झगडा नगर्न सम्झाउँदा विरेन्द्र पञ्जियारले जाहेरवालालाई बाँसको लाठीले प्रहार गरेको भनी लेखाइदिएका छन् । त्यस्तै

फगुनी मण्डलसमेतले खेतको आलीमा माटो थपेको विषयमा रिसइवी लिई जाहेरवालालाई प्रहार गरेको हो भनी लेखाइदिएका छन् । यस स्थितिमा मिसिल संलग्न उल्लिखित प्रमाणको रोहबाट पुनरावेदक प्रतिवादीहरूको इन्कारी बयानलाई विश्वासप्रद मान्न मिल्ने देखिएन । जाहेरवाला आफैँ लडेको भन्ने प्रतिवादीहरूको जिकिर रहे पनि निज जाहेरवाला त्यसरी आफैँ लडेको भए घा जाँच केस फाराममा उल्लिखित चोटपटकहरू लाग्न सक्ने अवस्थाको देखिँदैन । त्यस्तै जाहेरवाला विन्देश्वर महतो कोइरीले घटना घटेकै दिन उक्त वारदातलगत्तै यी पुनरावेदक प्रतिवादीहरू दुवै जनाको नाम थर वतन उल्लेख गरी शान्ति सुरक्षा प्रदान गरिपाउँ भनी इलाका प्रहरी कार्यालय फुलगामा, धनुषामा निवेदनसमेत दिएको देखिन्छ । किटनी जाहेरी, जाहेरवाला विन्देश्वर महतोले जाहेरी समर्थन हुने गरी गरेको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, पीडित जाहेरवालाको घा केस फाराममा Oblique fracture of left distal ulna भनी उल्लेख भएको, प्रतिवादीहरू र जाहेरवालाबिच वारदातपूर्व खेतको आलीको माटो काट्ने विषयमा रिसइवी रहेको देखिएकोसमेतबाट अभियोग दाबीबमोजिम यी पुनरावेदक प्रतिवादीहरूले जाहेरवालालाई कुटपिट गरेको तथ्य पुष्टि भइरहेको अवस्था देखिने ।

पुनरावेदक प्रतिवादीहरूले जनकपुर अञ्चल अस्पतालको मिति २०७३।७।१८ को रिपोर्टमा जाहेरवालाको बायाँ हात काम लाग्ने अवस्थामा रहेको भनी उल्लेख भएबाट अङ्गभङ्ग कुटपिट ठहऱ्याई कुटपिटको महलको १ र २ नं. को कसुरमा ऐ. को ६ नं. अनुसार सजाय गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण रहेको भनी पुनरावेदन जिकिर लिएतर्फ विचार गर्दा, यी पुनरावेदक प्रतिवादीहरूले बाँसको लाठीसमेतले जाहेरवालालाई कुटपिट गर्दा निजको बायाँ हातको नाडीको हड्डी भाँचिएको भन्ने कुरामा विवाद रहेन । जहाँसम्म कुटपिट खत निको भई बायाँ हात काम लाग्ने अवस्थामा आइसकेकोले अङ्गभङ्ग कुटपिटतर्फ सजाय गर्न मिल्दैन भन्ने प्रश्न छ, मुलुकी ऐन, कुटपिटको महलको ६ नं. कानूनी व्यवस्था हेर्दा, अङ्गभङ्गमध्ये अन्धो र नपुङ्सक दुई खतमा जुनसुकै खत गरे पनि सो गर्नेलाई दश हजार जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ । सो दुई खत बाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै खत गरे पनि सो गर्नेलाई पाँच हजार जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ । एकै किसिमको काम लाग्ने एकभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारिदिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ । सो खत निको भई काम लाग्ने भएमा भने दुई वर्ष मात्र कैद गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको भएको पाइन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाको भाँचिएको बायाँ हात काम लाग्ने गरी निको भएको भनी जनकपुर अञ्चल अस्पतालको मिति २०७३।०७।१८ को रिपोर्टबाट देखिँएको हुँदा निज प्रतिवादीलाई कुटपिट महलको ६ नं. मा भएको व्यवस्थाबमोजिम २ वर्ष मात्र कैद सजाय हुने नै देखिने ।

सुरूको फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, कुटपिटको २ नं. को कसुरमा ऐ. को ६ नं. अनुसार सजाय गर्ने गरेको उच्च अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । उच्च अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर एवं विद्वान् कानून व्यवसायीको बहस जिकिर र यस अदालतबाट पीडितलाई परेको घा चोट र कुटपिटको २ र ६ नं. को कानूनी व्यवस्थाको व्याख्यात्मक त्रुटि रहेको भन्ने आधार लिई मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिएको आदेशसँग समेत सहमत हुन नसकिने ।

सुरू धनुषा जिल्ला अदालतबाट वारदातलाई साधारण कुटपिटमा परिणत गर्ने गरी मिति २०७४।१।१९ मा भएको फैसला उल्टी गरी यी पुनरावेदक प्रतिवादीहरू विरेन्द्र पञ्जियार र राम एकवाल पंजियारलाई कुटपिटको २ नं. को कसुरमा ऐ.

६ नं. अनुसार जनही कैद वर्ष दुई र रु.२,५००।- अक्षरेपि दुई हजार पाँच सय रूपियाँ जरिवाना हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७५।०३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : मिलन राणा

इति संवत् २०८० साल भाद्र २७ गते रोज ४ शुभम्।

**५३**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CI-१२४९, लिखत दर्ता बदर दर्ता कायम, विलट चौधरी वि. जागोदेवी चौधरीसमेत*

जागोदेवी र पुनरावेदक वादी विलट चौधरी एकासगोलका अंशियार पति पत्नी रहे भएको कुरामा विवाद छैन। प्रत्यर्थी प्रतिवादी जागोदेवीले यी पुनरावेदक वादी विलट चौधरी घरको मुख्य व्यक्ति नभई आफू घर व्यवहार चलाउने मुख्य व्यक्ति भएको भन्ने जिकिर निजको प्रतिउत्तर पत्रमा कहीँकतै लिन सकेको पाइएन। यस स्थितिमा निजका पति यी पुनरावेदक वादी घरको मूल व्यक्ति रहे भएको कुरालाई अन्यथा मान्न मिलेन। प्रतिवादी जागोदेवीले यी पूनरावेदक वादीको समेत हक लाग्ने अधिकांश जग्गाको हक हस्तान्तरण गरेको कुरा प्रस्तुत मुद्दा र यसै लगाउका मुद्दाका सुरू मिसिल सामेल दाबीका लिखतहरूको प्रतिलिपिहरूबाट देखिन आउँछ। दाबीका जग्गाको हक हस्तान्तरण गर्दा प्रतिवादी जागोदेवीले यी पुनरावेदक वादीको मन्जुरी लिएको मिसिल कागजबाट देखिएन। प्रमाण ऐन, २०३१ को दफा ६(क) मा उल्लिखित कानूनी प्रावधानले दाबीको लिखतमा उल्लिखित जग्गा सगोलको मान्नुपर्ने देखियो। उक्त जग्गा सगोलको होइन भनी अन्यथा प्रमाणित भएको अवस्था पनि छैन। यसरी आफ्नो खुस गर्न पाउने जग्गाको हक हस्तान्तरण गरेको भन्ने जिकिर पनि नरहेको र सो कुरा पुष्टि हुन सकेको नदेखिएको परिप्रेक्ष्यमा दाबीको लिखतमा उल्लिखित जग्गा पुनरावेदकको समेत अंश हक लाग्ने सगोलको सम्पत्ति रहे भएको देखिँदा सोको हक हस्तान्तरण गर्दा यी पुनरावेदकको समेत मन्जुरी लिनुपर्ने देखिने।

प्रतिवादी जागोदेवी चौधरीले हदम्याद सम्बन्धमा उठान गरेको विषयको सन्दर्भमा हेर्दा दाबीको र.नं. १४११७ख बाट मिति २०७१।३।१५ मा पारित हालैदेखिको बकसपत्रको लिखतउपर चित्त नबुझाई यी पुनरावेदक वादीले मिति २०७२।४।१८ मा लेनदेन व्यवहारको १० नं., ४० नं. दान बकसको १ नं. र ५ नं. लाई टेकेर फिराद दायर गरेको देखिन्छ। लेनदेन व्यवहारको १० नं.मा साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको मितिले पैँतिस दिनभित्र उजुर गर्नुपर्ने देखिन आउँछ। त्यसै गरी दान बकसको महलको ५ नं.मा दिन नहुने दान बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। फिराद पत्रमा उल्लिखित बेहोरामा वादीले दाबीको विवादित लिखतको नक्कल मिति २०७२।४।१७ मा सारी थाहा पाएको कुरा लेखिएको अवस्था छ। लेनदेन व्यवहारको १० नं. मा निर्दिष्ट हदम्यादको व्यवस्थाले दाबीको लिखत रजिस्ट्रेसन पारित भएको मिति २०७१।३।१५ को एक वर्षभित्रमा थाहा पाइसक्नुपर्नेमा मिति २०७२।४।१७ मा थाहा पाएको देखिन्छ। तथापि दान बकसको महलको ५ नं. मा निर्दिष्ट हदम्याद रजिस्ट्रेसन पारित भएको मितिले दुई वर्षभित्र नै फिराद दायर भएको देखिन्छ। प्रतिवादीले दान बकसको महलको ५ नं. मा उल्लिखित हदम्याद प्रस्तुत मुद्दामा आकर्षित हुने होइन भन्ने जिकिर लिनसकेको अवस्था पनि छैन। प्रस्तुत दाबीको हालैदेखिको बकसपत्रको लिखत पारित भएको हकमा दान बकसको ५ नं. मा लेखिएको हदम्याद आकर्षित हुने नै देखिन्छ। त्यसै गरी दाबीको अर्को

र.नं. ६४२४ ख बाट मिति २०७१।९।२० मा पारित राजीनामाको लिखतको हकमा लेनदेन व्यवहारको १० नं.मा उल्लिखित हदम्याद एक वर्षभित्रै मिति २०७२।४।१७ मा नक्कल लिई थाहा पाएको देखिन आउँछ। यस स्थितिमा प्रस्तुत मुद्दा हदम्यादभित्रै दायर भएको देखिने।

उच्च अदालत विराटनगरबाट भएको फैसलाको प्रकरण १२ मा प्रस्तुत मुद्दा फैसला गर्दा यी पुनरावेदक वादी विलट चौधरी र प्रतिवादी जागोदेवी र छोराहरूबिच अंशबन्डा भई अलग अलग भई बसेको तथ्यमा विवाद देखिँदैन भन्ने तथ्य उल्लेख गरेको देखिन्छ तर सुरू मिसिल सामेल रहेको र.नं. १४५५१(क) मिति २०६६।११।२५ को अंश भर्पाईको लिखतबाट वादी र प्रतिवादी जागोदेवीका दुई छोराहरूले मात्र अंश लिएको देखिन्छ। पुनरावेदक वादी र प्रतिवादी जागोदेवी एकासगोलको अंशियार रहे भएको मान्नुपर्ने भनी माथि विश्लेषण गरिसकिएको अवस्थामा लेनदेन व्यवहारको १० नं. बमोजिम यी पुनरावेदक वादीको समेत मन्जुरी लिई दाबीको लिखतमा उल्लिखित जग्गाको हक हस्तान्तरण गर्नुपर्नेमा सो भए गरेको नदेखिँदा सो कानूनी व्यवस्था र उपर्युक्त उल्लिखित प्रतिपादित सिद्धान्तसमेतको आधारमा वादी दाबी नपुग्ने भनी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला मिलेको नदेखिने।

माथि विवेचित आधार, कारण एवम् प्रतिपादित सिद्धान्तसमेतबाट सुरू सुनसरी जिल्ला अदालतले वादी दाबी नपुग्ने गरी गरेको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७४।५।१४ मा भएको फैसला कानूनसङ्गत मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम दाबीको र.नं. १४११७ख बाट पारित मिति २०७१।१।३।१५ को हालैको बकसपत्रको लिखत एवम् र.नं. ६४२४ख बाट पारित मिति २०७१।९।२० को राजीनामाको लिखत र सो लिखतहरूमा उल्लिखित जग्गामध्ये २ भागको १ भाग जग्गाको हदसम्म नरमगरम मिलाई लिखत र दर्ता बदर गरी यी पुनरावेदक वादीको नाममा दर्ता कायम हुने।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल माघ १० गते रोज ३ शुभम्।

यसैलगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- *०७४-CI-१२५०, लिखत दर्ता बदर दर्ता कायम, विलट चौधरी वि. जागो देवी चौधरी*
- *०७४-CI-१२५१, दर्ता बदर, विलट चौधरी वि. जागो देवी चौधरीसमेत*

५४

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-RB-०५०५, राजस्व चुहावट, योगेन्द्र बराल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले राजस्व चुहावट भएको रकम अभियोग पत्र दायर हुनुपूर्व नै दाखिल भइसकेकोले बिगोविहीन अभियोग दाबीको कसुर प्रमाणित हुन सक्दैन भन्ने मुख्य पुनरावेदन जिकिर लिएको देखिन्छ। सो सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा फर्मका सञ्चालक, बैंक, विभागका डाटा प्रविष्ट गर्ने व्यक्तिहरूको संलग्नता नभएकोले यी पुनरावेदक प्रतिवादी योगेन्द्र बराललाई मात्र प्रतिवादी बनाएको देखिन्छ। आर्थिक ऐन, २०६६ ले मिति २०६६।८।१० मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ मा संशोधन गरी संशोधित दफा २३(१) मा राजस्व चुहावटको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिमको सजाय हुने छ भन्दै सोही दफा २३(१)(ख) मा मालवस्तु कब्जामा नभई कारोबारको अभिलेख मात्रको आधारमा अपराध प्रमाणित भएमा सो कारोबारमा प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने राजस्व रकम र बिगोको दोब्बरसम्म जरिवाना वा कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद

वा दुवै सजाय हुने भनी उल्लेख भएको पाइन्छ। उक्त कानूनी व्यवस्थालाई हेर्दा राजस्व चुहावटको कार्य गर्ने व्यक्तिलाई नै सजाय हुने देखिन्छ। प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीले जयश्री चन्द्र आयल स्टोर्सको तर्फबाट तिर्नुपर्ने राजस्व बैंकमा दाखिला नगरी भौचर किर्ते गरी राजस्व चुहावटको कार्य गरेको देखिएको स्थितिमा उक्त जयश्री चन्द्र आयल स्टोर्सले अभियोग दाबीबमोजिमको राजस्व रकम दाखिला गरिसकेको भन्ने आधारमा मात्र यी प्रतिवादीले कसुरजन्य कार्यको दायित्वबाट उन्मुक्ति पाउने अवस्था देखिँदैन। निजबाट नोक्सान भएको बिगो भराउनु नपरे पनि सोबमोजिम गरिएको जरिवाना मनासिब नै देखिन्छ। राजस्व दाखिला गर्ने भनी आफू कार्यरत फर्मबाट लगेको रकम आफूले व्यक्तिगत काममा खर्च गरी बैंकमा पेस गरेको भौचरको सम्बन्धित कार्यालयमा र निजको फर्ममा पेस गरेको प्रति सच्याई राजस्व प्रणालीमा धेरै रकम तिरेको देखिने काम गरेकोलाई राजस्व छली हिनामिना नगरेको भन्न नमिल्ने।

कम्पनी/फर्मबाट असुल गर्नुपर्ने राजस्व कम्पनीले दाखिला गरेको भन्ने देखिए तापनि यस सम्बन्धमा उजुरी परी छानबिन सुरू भएपछि दाखिल गरेको राजस्वबाट कसुर कायम नहुने भन्न मिल्दैन। फौजदारी कसुर व्यक्तिबाटै हुने र कसुरको दायित्व कम्पनीलाई हुने व्यक्तिलाई जरिवाना गर्न नमिल्ने भन्न मिल्दैन। जहाँसम्म बिगो कायम नभएपछि जरिवाना सजाय गर्न नमिल्ने भन्ने प्रश्न छ, बिगो कम्पनीबाट दाखिल भएको अवस्था हो। राजस्व छलीको कसुर गर्ने व्यक्तिलाई कम्पनीले बिगो बुझाएकै आधारमा सो कसुरमा जरिवाना गर्न नमिल्ने भन्न मिल्दैन। निजले गरेको कसुरको प्रकृति र मात्रासमेतको आधारमा सुरूको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम जरिवाना गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ पुनरावेदन अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीको बहस एवं पुनरावेदन जिकिर तथा यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशमा उल्लिखित आधारसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी योगेन्द्र बरालले अभियोग दाबीबमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ (क) (ख) को कसुर गरेको स्थापित हुन आएको देखिएको अवस्थामा अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।९।२९ मा भएको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी योगेन्द्र बराललाई अभियोग दाबीबमोजिम सोही ऐनको दफा २३(१)(ख) अनुसार बिगो रु.४,०३,४७७।-(चार लाख तिन हजार चार सय सतहत्तर) जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - तारादत्त बडु
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-RB-०५०६, ०७२-RB-०५०७, ०७२-RB-०५०८, राजस्व चुहावट, योगेन्द्र बराल वि. नेपाल सरकार